# नेपाल देशको इतिहास

## ( गताङ्कको बाँकी )

साइतको बखत भयो । गुरु पुरोहितहरूले दीप कलश गणेश पूजनपूर्वक जय शब्द बोल्दै आशीर्वाद चढाए । ज्योतिर्विद् कुलानन्द ढकालले साइत भयो भनी बिन्ति गरे । महाराज डुंगामा सवारी भयो । डुंगा चल्न लाग्दा माथि लेखिएबमोजिम त्रिशूलगंगाबाट जलकपूर माछो उफ्री डुंगामा पस्यो । "यी ज्योतिषी सिद्धनै रहेछन् । अब मेरो मनसुवा सिद्ध भयो" भनी महाराजको साहस बढ्यो । महाराज उत्रिसकेपछि अरूलाई तार्न लाग्दा दलमर्दन शाहले ढाल तरवार एक हातमा लिई अर्को हातले पौडी खेलेर पछिल्लो डुंगा पक्री पार लागे । उनका साथमा विह्वल राना बुसाल रहेछन्, उनी पौडन नजान्ने हुनाले वारिनै रहे । लश्कर सबै पारिपट्टि उत्रेपछि चौतरिया, काजी, सरदार, जेठाबूढा, नजीकी र उमराउहरू जुन जुन मोहडामा खटिएका थिए, उही उही मोहडामा आपना तयारी साथ गए । दलमर्दन शाह महाराजबाट लुकी छिपी आएका हुनाले दलमुखी सरदार यसै मोहडामा छन् भन्ने अघिबाटै बुझेको हुँदा गेर्खुको मोहडातर्फका लश्करसंग मिसिई सबैभन्दा अगाडि गएका थिए । नवकोटभरको आड महामण्डल रहेछ । त्यहीं आडपयाड बलियो गरी भारी लश्करका साथ जयन्त रानाको छोरो शंखमनि राना दलमुखी सरदार भई बसेको रहेछ । लश्करको एक सिपाहीले लिएको बन्दूक आफै चल्न जाँदा वैरीलाई थाहा भयो । अब वैरीले थाहा पाइहाले, तसर्थ यहींदेखि घोष गर्दै जाऊं भन्ने सल्लाह गरी घोष गर्दै गए । त्यसरी घोष सुन्दा वैरीका गोलमा खलवल मच्चियो । उनीहरू आ–आफ्ना हातहतियार लिई निस्के । त्यसै बखतमा दलमर्दन शाह पनि "जय काली ! जय गोरखनाथ ! जय मनकामना !" भनी उच्चारण गर्दै लश्करका नजीकमा पुगे । यता जयन्त रानाले हातमा ढाल तरवार लिई अगाडि हेर्दा गोरखालीका लश्करले सबैतिर ढाकेका उसमा पनि दलमर्दन शाह आफ्ना नजीकै भिडिएको देख्दा "जालास् ठाकुर !" भन्ने हाँक दिई अगाडि सर्‍यो । जसै हान्न भनी अगाडि सरेथ्यो त्यसभन्दा चांडो दलमर्दन शाहले तरवारले कटिमा हानी गिराइदिए । उसको प्रहार चाहिं आफ्ना ढालले रोके । त्यस बखतमा कस्तो शोभा देखियो भने अघि कंसलाई कृष्णले मार्दा जस्तो शोभा देखिएको थियो । के अर्थले भने उमेरको पाको र बडो बलवान् कंस जस्तो शंखमनि राना ग्याङ्मी तथा किशोरावस्थाका कृष्ण जस्ता बाह्रौं वर्ष व्यतीत भई तेह्रौं बर्ष प्रारम्भ मात्र भएका दलमर्दन शाह हुनाले त्यस्तो शोभा देखिएको हो ।

त्यसपछि जहाँगीर शाह, वीरबहादुर शाह, लक्ष्मीनारायण पाँडे, हरिहर पन्त, दुबु राना ग्याङमी, वीरु खत्री वक्रा आदि लश्करले घोष गर्दै "जय काली ! जय गोरखनाथ ! जय मनकामना !" भन्दै आडमा उक्ली हानमार गर्न लागे । परस्पर घोर संग्राम हुँदा वैरीतर्फ धेरै जना खती भए । कोही घायल भए । वैरीतर्फका सिपाहीहरूले आफ्ना दलमुखी सरदार मरेको देख्दा मन हटाई लडाई गर्दा केही काटिए, केही भागे । अनि जहांगीर शाह, वीरबहादुर शाह, लक्ष्मीनारायण पांडे, हरिहर पन्त, दुवै रानालगायतले दलमर्दन शाहलाई "धन्य हजुरको सुऱ्याइं तथा पराक्रम !" भनी यश वर्णन गरे । के अर्थले भने तेह्रौं वर्षमा प्रवेश मात्र भएका बालकले लडाईंमा सबै लश्करलाई उछिनी दलमुखी सरदारलाई हानेर गिराउनु जस्तो शौर्य धन्य हो ! यस्तो अघि भएको पनि सुनेका छैनौं, पछि पनि हुने छैन भनी सराहना गरे । यसरी महामण्डल जित्दा

बडो हर्ष भई दलमर्दन शाहप्रभृति सबै लश्कर महाराज पृथ्वीनारायण शाहका हजुरमा सामेल हुन पुगे ।

महोद्दामकीर्ति शाह बसेका धर्मपानीका आडमा केही लडाईं भई दुइचार खती र दुइचार घायल हुँदा बाँकी वैरी भागी गए । अनि उनीहरू पनि लडाईं फत्य गरी महाराजका हजुरमा सामेल भए ।

महाराजको सवारी भएका मोहडामा लडाईं नै भएन र बल मिच्दै तीनधारेको बाटो गरी सरासर गए । कालु पांडे गएको अशोकबारीको मोहडामा पनि लडाईं भएन । यस्ता प्रकारले सकल लश्कर सामेल भएपछि पृथ्वीनारायण शाह भैरवीको दर्शन गर्न गए । जोसी कुलानन्द ढकाललाई "कुन बखतमा प्रवेश गर्ने ?" भन्ने हुकुम भयो । "आजका साइतमा लडाईं फत्य भएको छ, यसै साइतमा प्रवेश गर्नु-पर्छ" भनी उनले विन्ति गरे । दलमर्दन शाह र कीर्तिमहोद शाह यी दुइ भाइका बाहुली पक्री खूब हर्षपूर्वक ब्राह्मणहरू-लाई वेदघोष र जयघोष गर्न लगाउँदै रघुनाथ राई र सरसराई भाटहरूले कवित्त पढ्दै, नगराप्रभृति सकल वाद्यघोष गर्दै सकल मंगलोत्सवले युक्त भई पृथ्वीनारायण शाहले नवकोट दरवारमा प्रवेश गरे ।

उता बेलकोटमा बलियो आड बाँधी जयन्त राना दलमुखी भई बसेको थियो । अघि नवकोटबाट भागी गएका लश्करहरू त्यहीं सामेल भए । अघिको रिसमाथि कन् छोरा मारेको रिस समेत थपिंदा आफ्नो छोरा मारेको र गोरखा-लीले नवकोट अम्बल गरेको समेत सब बिस्तारको खत लेखी जयन्त रानाले राजा जयप्रकाश मल्लबाट थप लश्कर मगायो । उताबाट थप लश्कर आउँदा बेलकोटमा गढ बलियो गरी भारी लश्करका साथ जयन्त राना बसेको थियो ।

यता महाराज दरवारमा राज भएपछि भाइछोरा-हरूका साथ कचहरी हुंदा "भारदारहरूमा कसले कस्तो हानमार गरे ?" भन्ने हुकुम भयो । जहांगीर शाह र लक्ष्मीनारायण पांडेले बिन्ति गरे "सिपाहीको हानमार गर्ने त कामै हो । आफ्नो बलबर्गतले भेट्टाएसम्म सबैले गरे तापनि अरूले गरेका कामको यस पाला गणना रहेन । किनभने श्री ५ दलमर्दन शाहले बाह्र वर्ष व्यतीत भई तेह्रौं वर्ष मात्र प्रारम्भ हुँदा पनि दलमुखी सरदार शंखमनि रानालाई जेठी तरवार हानी मारिदिनुहुँदा लडाईं फत्य भयो । अरू बिस्तार के बिन्ति गरौं, मुख्य कुरा यही भइ-रहेछ ।" त्यसपछि महोद्दामकीर्ति शाह गएको धर्मपानीका आडमा भएका लडाईंको विस्तार गरे । अनि महाराज र कालु पांडे बसेपट्टिका मोहडामा लडाईं नभई सब फौज भागेको विस्तार गरे । त्यसपछि आफ्ना भाइ दलमर्दन शाहलाई अंकमाल गरी "श्यावास, हाम्रा कुलमा बडो वीर सामर्थवान् भई जन्मेछौ । यस बखत दैवले करुणा गरि-दिएका हुन् । हामीले पनि हान्यौ । अरूले पनि हाने । हानमार गर्ने त क्षत्रियको जातै हो । हानमार गरेका कामले मात्रै त ठूलो यश पाउन सकिंदैन । के अर्थले भने क्षत्रिय भई काथर भएर लडाईंमा हानमार गर्न सकेन भने त्यसले आफ्ना कुललाई समेत कुयशमा पार्‍यो । यदि लडाईंमा शूरो भई हानमार गर्‍यो भने त्यसले आफ्नो जातित्वधर्म थाम्यो भन्नेसंम मात्रै हुन्छ, अधिक यश हुन सक्तैन । तिमीले त तेह्र वर्षका प्रारम्भैमा आफूभन्दा पाका बलवान् उसमा पनि दलमुखी सरदारसंम भइसकेको यस्ता उपर हानी लडाईं फत्य गर्‍यौ भने यो यश त कसैलाई पनि प्राप्त हुन दुर्लभ छ । किनभने सबैले जेठी तरवार हान्नन् तापनि सामान्यैमा हान्नन् अथवा सरदार भएकालाई हान्नन् तापनि यस उमेरमा हुनै सक्तैन । यस्तो संयोग पारी जुन दैवले तिमीलाई वीरत्व कृपा गरे त्यसको वर्णन हामी कहाँतक गरौं ?" भन्ने हुकुम भयो । यसरी वारंवार अंकमाल गरी पाती लगाइदिए । महोद्दामकीर्ति शाहले पनि त्यसै गरी यश बखान गरेर पाती लगाइदिए । अनि अरू भैयाद, गुरु, पुरोहित र सकल भारदारहरूले पनि पाती चढाए ।

"राजा भएपछि जोसुकैको पनि पुरुषार्थअनुसार निगाह गरी मेहेरमानी गरेदेखि आदमीको मनसुवा कहिल्यै पनि घट्दैन । सेवकले पनि राजाउपर मिहिनेत गरी रिझाएपछि चूप लागिरहनु हुँदैन ।" भन्ने महाराजबाट हुकुम भयो । अनि दलमर्दन शाहका ब्राहुमा बाहुलीले पक्री पीठमा वारंवार धाप दिंदै 'नवकोट जम्मै तिमीलाई बिर्ता गरी बक्सन्छु" भन्ने हुकुम भयो । उनले "बिर्ता बक्सिस भई पाउने पात्र ब्राह्मण हुन् । हामी त हजुरका अंग हौं । तसर्थ बिर्ता बक्सिनु योग्य छैन । उसमा पनि नवकोट भनेको त ठूलो आड हो । हजुरका पालामा फत्य भएको पहिलो राज्य हो । तदर्थ हजुरबाट ब्रक्सनु पनि योग्य छैन, हामीले पायौं भनी लिनु पनि योग्य छैन" भनी बिन्ति गरे ।

अनि अत्यन्त हर्षसंग गद्गद वाणीले "यस्तो मेरो सोझो गरी मैले दिएको लिएनौ त पनि तिम्रा मिहिनेतअनुसारको रीझ त म कहिल्यै पनि दिन सक्ने छैन। तथापि नेपाल मारी त्यहाँको थितीविती बाँधिसकेपछि उस बखतमा तिमीलाई खुशी गराई राखौंला। तिमीहरूले जीउसम्बन्धी बिराम गरे पनि माफ गरिबक्सें। नेपालप्रभृति जति मुलुक मारे तापनि म त मालिक महाराज भन्ने मात्रै हुन्छु। मुलुकको थितीबिती बाँध्ने त तिमीहरूनै हुनेछौं। मिहिनेत पनि तिमीहरूले नै गर्नुपर्नेछ। नवकोट यसले फत्य गऱ्यो भन्ने निशाना राख्नालाई महामण्डल अशोकबारी, वरटारको डिही, पञ्चकन्याधारा, नवकोट बेसीको डिही यति तिमीले नलिई हुँदैन" भनी कर लगाएर बक्सियो। नवकोट फत्य भएको हर्षबढाइंलाई गोरखामा मानिस पठाई श्री काली, श्री गुरु गोरखनाथ, श्री मनकामनाको र नवकोटका भैरवीको तथा अरू देवताहरूको समेत यथाविधिले पूजा गराए। जलेवा माझीले घाट घाटको मुख्य मिझारी पायो।

त्यसपछि त्यस ठाउँका भलामानिस, खस, मगर र ब्राह्मणहरू लडाईंका वेलामा यत्रतत्र लागेका जति थिए उनीहरूलाई पनि तसल्ल गरेर संझाई बुझाई खातिरजामासंग मेल गराए। त्यसो गर्दा लश्कर पनि धेरै बढे। त्यसपछि आफ्ना भाइछोराप्रभृति सकल थरघर राखेर सल्लाह गरी जागेश्वर बोहरा, विश्वेश्वर जोसी अर्ज्याल, नरकेशर थापा र जसिबन्त रानाप्रभृति ८।१० जना थरघरलाई महारानीको सवारी चलाउन भनी खटाए। "आफ्ना मुलुक छाडी जानेलाई पनि झिकाउनु बेश हो" भनी भारदारहरूले विन्ति गरे। "बेश विन्ति गऱ्यौ" भन्ने हुकुम भई जयन्त रानालाई "पुरानो सेवक होस्। हामीबाट सोझो गर्दागर्दै तं नजानी निस्की भागेको होस् तापनि अघि जो भयो भयो, तँ हाम्रै होस्, रिस केही छैन। हाम्रा अन्नजलले पिण्ड बनी जन्मेको होस् सो कुरा संझी चाँडो आ" भन्ने बोलाहट गयो। "योग्य हुकुम भई आएछ। तर नेपाले राजाको अन्नजल खाइहालें अब कसरी आऊं। छोरा मरेको पिर मेरा छातीमा गढेकै छ। अब गोरखाको आशामा म कदापि रहन्न। राजा जयप्रकाशको अन्नजल खाएको छु जस्ता तरहले उनको सोझो हुन्छ, जीउ दिनुपरे पनि जयप्रकाशकै काममा दिन्छु, त्यहाँ किमार्थ आउन्न" भन्ने बेहोराको जबाफी अर्जी लेखी जयन्त रानाले पठायो। महाराजले त्यो अर्जी हेरेपछि अत्यन्त कोपावेश हुँदै लाल लाल नजर गराई बाहुलीले बाहुली मिच्दै "चौतरिया काका, ठाडिएका बिराहासित हिंड्ने र नितीथिती बिगार्ने यस्तालाई दण्ड गरी शेखी झार्न नसक्ने राजाका हातबाट राजकार्य हुन सक्तैन। जयन्तले जयप्रकाशको आड गरी यस्तो खत लेखेछ, त्यस्ता शेखीवालको शेखी झार्न दैवले मलाई पैदा गरेको हो" भन्ने हुकुम भयो। त्यस बखतको कचहरी पनि श्री भैरवीका शीतलपाटीमा बसेको थियो।

त्यसपछि "बेलकोट कुन हो ?" भनी हुकुम हुँदा त्यही हो भनी देखाइदिए। "जयन्तले त्यहीं बसी यत्रो शेखी गऱ्यो भने अहिल्यै बेलकोट नहानी छोड्दिन" भन्ने हुकुम भयो। काजी कालु पांडेले "बेलकोटमा लश्कर पनि प्रशस्त छ, जग्गा पनि विकट छ र आज साइत पनि छैन" भनी विन्ति गरे। ज्योतिर्विद् कुलानन्द ढकाललाई "आज कस्तो छ ?" भन्ने हुकुम भयो। उनले "आज हेर्नुपऱ्यो भने मुहूर्त मात्रै हेर्नुपऱ्यो" भन्ने बिचार गरी "आजका साइतमा जितबाजी त कठिनसंग होला, तर भय पनि बहुतै होला। यसमा मानिस पनि बहुतै खती हुनेछन्" भनी विन्ति गरे। अनि महाराजले "कुरा मिलाई बोलेको हो कि साँचै हो ?" भन्ने हुकुम भयो। "विन्ति गर्ने कुरा साँचो विन्ति गरे। आजै नहानी हुंदैन भन्ने हुकुम हुन्छ भने स्वरोदयाका हिसाबले साइत विन्ति गर्नुपऱ्यो" भन्ने विचार गरी "पहिले दक्षिण पाउ उठाई साइत गरिबक्सियोस्" भनी कुलानन्दले विन्ति गरे। महाराजले तुरुन्तै साइत गरी दलमर्दन शाहलाई "नवकोट हान्दा कै गरी आउला, नआए। तिमीले यहीं बसी संभार गरी रहनुपर्छ" भन्ने र काजी कालु पांडेलाई "लौ, लश्कर तयार गरी हिंड" भन्ने हुकुम भई महोद्दामकीर्ति शाहप्रभृति वीरहरू साथमा लिई महाराजबाट साइत भयो। आ–आफ्नो कामकाजमा लागेका अरू भाइभारदारहरूले महाराजको सवारी भयो भन्ने जजसले जहाँ जहाँ सुने त्यहींबाट आ–आफ्ना हातहतियार लिई महाराजको पाउरखवारीमा पुगे। कसैले टाढै पुगेपछि भेट्टाए। काजी कालु पांडेले लश्करलाई उर्दी दिई आउँदा घोरघाटमा भेट्टाए। "यस्ता तरहसित हडबडाई काम गर्नु हुँदैन" भनी हात जोडी कालु पांडेले विन्ति गरे। "तैले लडाईं गर्न सिकाउलास् र म लडाईं गरुंला" भनी काजीमाथि रिसानी भयो।

महाराजको सवारी सरासर बेलकोटतिर चल्यो।

ठानाका नजीकमा पुग्दा वैरीतर्फका लश्करले गोली चलाई गोरखामहाराजका वीर वीर धेरै मानिस जखम पारे। पालकी बोक्ने पुतवार पनि गोली लागी जखम भयो। "पालकी हटा" भनी हुकुम हुँदा "यस कुराको विचार ता अघि नै गर्नुपर्थ्यो। मोहडा जोरिएपछि पछि हटे त जयन्तेले धपाए जस्तो पर्ला, हट्नु हुंदैन" भनी कालु पांडेले विन्ति गरी खुंडा समातेर दगुरी ठानामा चढेर हाने। फेरि अर्कालाई हान्न खुंडा झिक्दा रगत चुहुंदो लाल खुंडा महाराजको नजरमा पर्‍यो। "यस्तो शोभा त महाभारतमा भीमसेनले दुःशासनलाई मार्दा पनि भएन होला। श्याबास कालु, खूब गरिस्!" भन्ने हुकुम भयो। अनि आफू पनि पालकीबाट उत्री पैदलै दगुरी तरवारले एउटा मानिस मारे। त्यसपछि पाउरखवारीमा जाने भैभारदार, जेठाबूढा नजीकी, थरघर र उमराउहरूले पनि झपाझप तरवार हाने। गोरखातर्फका धेरै भलामानिस घाइते भए। जयन्त राना पनि पक्रियो। आफ्ना वीर वीर मानिसहरू धेरै घाइते भएका र मरेका देख्दा महाराजको मुख मलिन भयो। अनि कालु पांडेले "लडाईं फत्य भई जयन्ते पक्रिएपछि खुशी हुने वेलामा मलिन मुहार किन भयो?" भनी विन्ति गरे। "लडाईंका कुरामा मभन्दा तं जान्दो रहिछस्। यी जति घाइते भएका छन् यिनमा एकै सरदारलाई लश्कर लिई पठाएको भए पनि फत्य गर्न सक्ने थिए। आज यी सबै मरेको भए मेरा हातले गोरखा डुबाइहालेथें। इष्टदेवताका कृपाले मात्र इज्जत रह्यो। तैंले घोरघाटैमा भनिथिस्। अबदेखि कटकको कुरामा विना तेरा सल्लाहले म गर्नेछैन" भनी महाराजबाट कालु पांडेका पीठमा धाप दिए। अनि बेलकोट धान्ने लश्कर छाडी आफ्ना घाइतेहरू र जयन्तलाई पनि लिई नवकोट फिरे। मन्त्रिवर्गसित सल्लाह गरी जयन्तको छाला टांगेर मारियो। अब यतिसंम भएपछि सिन्धुसंम अम्बल भयो भनी महाराज खुशी भए। त्यसै अवस्थामा रघुनाथ भाट आई महाराजको दर्शन गरेर कविता बनाई पढे।

**चौपाईः–** **तुण्डविकराली राव घोर घहारली डमरु धीर**
**कपाली अतिरसताल शाली है।**
**सोहत कपाली करहाडनपमाली उरधारे रुण्डमाली सिसके बिधुराली है।**
**नाचत वेताली युद्ध देदें करताली भूतनयना रचनाली लेत हात करवाली है।**
**अभयवरदाली सदा सेवकप्रतिपाली अब ऐसी महाकाली सो यह नित्य रक्षपाली है।**

**दोहाः–** **काली गोरख भैरवी महिषमर्दिनी जोई।**
**चारोंकी आशिष नित्य नित्य होई।**

यस्तो कविता सुन्दा बहुतै खुशी भई महाराजबाट "तिमी कहाँबाट आएका हौ, को हौ र नाम के हो?" भनी सोधनी भयो। "मेरो नाम रघुनाथ भाट हो। मेरो घर कहलुर हो। जंगमा चढेका मनसुबी राजा कुनै छन् कि छैनन् भनी खोज्दै हिंडेको थिएं। पाटनदेवीमा आइपुगेपछि जिभ्रो पनि चढाएं। यिन ताक गोरखाली राजा मनसुवी र रणमा चढेका पनि छन् भन्ने सुनेर यस्तै राजाको खोजीमा हिंडेको हुं। आज पाटनदेवीका कृपाले मनमाफिकका राजा देख्न पाउने भएं भनी बडो हर्षले हजुरमा आशीर्वाद विन्ति गर्न आइपुगें" भनी रघुनाथ भाटले विन्ति गरे। अनि महाराजबाट "राईजी, मैले तीन तखतको अम्बल गर्न सकुंला कि सकोइन? "भन्ने हुकुम भयो।" म कालीपुत्र हुँ। हजुरलाई तीन तखतको राज्य हुनेछ" भनी उनले विन्ति गरे। महाराज बहुत खुश भई "मलाई तीन तखतको राज्य भएका तिनमा तिमीलाई सवालाखको शिरपाउ दिई बिदा गरौंला" भन्ने हुकुम भयो।

महाराजले महामण्डलमा चढाउ गरी दखल गरी लिएपछि नेपालखाल्डाबाहिर बराबर लडाईं गरी जिंदै नेपाल लिनाको मनसुवाले नेपालका राज्यमा दुःख दिइरहेका थिए। त्यसै बीचमा गोरखामहाराजबाट नवकोट बेलकोटहरू दखल भए भन्ने खबर नेपालमा पुग्यो। अनि तीनै शहरका राजाहरू हडबडाएर यावन्त उसै रातमा पजनी गरी रणभीम थापालाई मुखत्यारी पदवी दिई नवकोट हान्न खटाए। त्यसै मौकामा "यो त गोरखालीसित मिलेको छ। यसको भर परे हजुरको कार्य सिद्ध हुँदैन। त्यसलाई पक्रेर नेल ठोकी यावत् उमराउ जति छन् मेरा अख्त्यारीमा दिनुभए मैले गई गोरखालीलाई त्रिशूलगंगा कटाउंला" भनी रणभीम थापालाई बेहकको अत्तो लगाएर काशीराम थापाले बिन्ति गरे। राजा जयप्रकाश मल्लले त्यो कुरा मंजूर गरी रणभीम थापाले गरेको पजनी उल्टाएर सबै लश्करको अख्तियारी काशीराम थापालाई दिए। आठ हजार फौजलाई खर्च बांडी नवकोट हान्न बिदा गर्दा काशीराम थापाले सबै लश्कर लिई प्रश्थान गरे। पृथ्वीनारायण

शाहले यो कुरा थाहा पाउंदा चौतरिया कीर्तिमहोद्दाम शाह, काजी सुरप्रताप शाह, काजी कालु पांडे, काजी तुलाराम पांडे, सरदार चन्द्रप्रकाश शाह र नजीकी, द्वारे, उमराउहरू सबैलाई महाराजबाट खटनपटन भयो। नवकोटमा ल्याइएका परिवारहरू पारि तारिए। "काशीराम थापाले आठ हजार फौज लिई मलाई त्रिशूलगंगा तार्न भनी आइरहेछ। म भने नवकोट छोडी एक पाइला पनि हट्ने होइन। यहाँ कदाचित् लडाई बिग्र्यो भने पनि गोरखा अवश्य थाम्नुपर्नेछ। साहेबज्यूलाई लिई तिमी पारि तर। लमजुङसित गरेको धाको मेल नबिगारे। मैले कि त नेपाल लिएं कि त नवकोटमा प्राण दिएं" भन्ने हुकुम भयो। साहेबज्यूलाई पठाउँदा साहेबज्यूको सल्ल्यानमा थर्पु पऱ्यो। महारानीले "हजुरले यस्तो आंटेपछि जे हजुरको गत, मेरो पनि सोही गत" भनी विन्ति गर्दा महाराजकै साथमा आश्रय मिल्यो।

महाराजका साथमा तेह्र सय लश्कर नवकोट हान्न तरेकोमा केही लश्कर बेलकोट थाम्न राखी बांकी लश्कर महाराजका साथमा रहे। महाराजबाट लड्न जाने बहादुरहरूलाई आफ्नै बाहुलीले टीका लगाइदिई "आज आठ हजार फौज लिई काशीराम थापा मलाई त्रिशूगगंगा कटाउन भनी आइरहेछ। बाघ जस्ता तिमीहरू मेरा सेवक छौ भने त्यसले कटाउंदैमा म कसरी त्रिशूलगंगा काटुंला ? लौ जवान हो! बाजी टेक्ने यही मौका हो" भन्ने हुकुम भयो। महारानीबाट सेनाहरूले दुइ दुइ माना चिउरा र एक एक माना चीनी पाए। "बाक्लो लश्कर आएको छ। बन्दूक कोटको भर नराखे, तरवारै मिसे" भन्ने महाराजबाट हुकुम भयो। लश्करमा एकदुइ जनाले "यी राजाको निको ढंग छैन। आफ्नो परिवार पारि तारिहाले। हामीलाई भने हौस्याई हुल्न आंटे। अब आफू कसो गर्छन् हेरौं" भनी गरेको कुरा भित्रीसंक्षेपले महाराजका कानमा पऱ्यो र लश्कर बिदा गर्दा" हामीलाई हौस्याएर हानी आफू त्रिशूलीगंगा तर्ला भन्ने तिमीहरूका मनमा पर्ला, म नरभूपाल शाहको छोरा पृथ्वीनारायण शाह क्षत्रिय हुं। मियानबाट हतियार झिकी हातमा लिइराखेको छु। नवकोटबाट एक पाइला पनि हट्नेछैन। तिमीहरू नवकोटमा मर, म सती हुंला" भन्ने हुकुम भई लश्करलाई बिदा गरे। महाराजबाट भएको यस्तो खातिरजामाको हुकुम सुन्दा सब लश्करको मन बहुतै खुशी भयो। दुइ थूम च्यात्न आउने आठ हजार लश्करलाई हान्न जांदा महाराजका हुकुमबमोजिम तरवारै चलाउने सल्लाह गरे। गैह्रीथूममा काशीराम थापा थिए उहीं गएर तरवार चलाए। हलेदेमा पनि तरवार चलाई विजय गरे। यसरी दुइ थूम फत्य गरे। त्यहांबाट काट्दै र ठोक्दै थापागाउँ नघाई वैरीको फौज धपाए। लडाईं जितेर फर्की लश्कर नवकोट दाखिल भयो।

लडाईं फत्य भएको उपलक्ष्यमा सल्ल्यानठानामा राखेका साहेबज्यूलाई बोलाहटको मोहर र चाहिंदो भैभारदार पाउरखवारी गर्न पठाई झिकाए। त्यस लडाईंमा गोरखाका बीस पच्चीस जना र कान्तिपुरका हजारौं सेना खती भए।

उता काशीराम थापा भागी जयप्रकाशको मुख हेर्न नसकेर आफ्नो घर पलांचोकमा बस्न गए। तीनफेरा डाक्न पठाउँदा पनि नआएकोले जयप्रकाश बहुतै रिसाए। पछि साउनमा कुटुबहीलमा आई बसेका बखतमा सो समाचार रणभूमी, गांगल मियां र मानदर थापाले सुनाए। जनैपूर्णिमाका दिन गौरीघाटमा जनै मन्त्रन लागेका बखतमा जयप्रकाश मल्ल आफैं गई काशीराम थापालाई "क्यों काशीराम, महाराज पृथ्वीनारायण शाहको नवकोटमे उठाने गएथे, भागके अपने घर बैठे। रणभीम थापाको कैद कराके हंमारा खराब करना यही तेरा धर्म है ?" भनी काशीराम थापासमेत आठ उमराउहरूलाई नगरकोटी सिपाहीका हातबाट मराए। यसमा भीमख्वाल काजी पनि परे।

तिनै ताका भादगाउँ र लमजुङ्गको घा हुनाले गोरखालीले भादगाउँसित मिली गोरखा र भादगाउँका लश्करले नालदुममा आक्रमण गरे। घमासान लडाईं भई शाके १६३८ साल भाद्रको १७ दिन जाँदा नालदुम विजय भयो र महादेवपोखरीमा गोरखालीको किल्ला रह्यो। राजा जयप्रकाश मल्ललाई "भादगाउँ गोरखासित मिलेछ, अब त मलाई नेपाल थाम्न पनि मुश्किल भयो" भन्ने चिन्तना पऱ्यो। त्यसै अवस्थामा चौबीसी एकठ्ठा भई गोरखा हान्दछन् भन्ने खबर आउँदा यसै बखतमा मैले नालदुम उकास्नुपर्छ भन्ने जयप्रकाशले विचार गरे। अनि भादगाउँले राजालाई एक पत्र लेखे त्यसको सारांश यस्तो छ:– "गोरखा तिमीसित मिलेको भए किल्ला तिमीलाई छोडिदिन्थ्यो। गोरखालीहरू लोलोपोतो गरी कार्यसिद्ध गर्न खोज्दछन्। आँखा भए हामी तीनै राजाले एकचित्त गरी मिलेर गोरखा-

लाई हटाउनुपर्छ । गोरखामाथि चौबीसीले चढाउ गर्न खोजेका छन् भन्ने खबर सुनिन्छ । अवसर यही हो, मौका चुकेपछि कार्यसिद्ध हुँदैन । आफ्नो नालदुम उकास्नालाई चतुराइं गर्छ भनौला, त्यो जगा वैरीको हात परेपछि भाद-गाउँ र त्यसदेखि पूर्वका राज्यलाई बिग्रन कति बेर लाग्ला आफै बिचार गर र बुझौला ।" यस खबरले भादगाउँले राजाको चित्त बुझ्यो । त्यसपछि तीनै राजा मिली बाह्र पन्ध्र हजार लश्कर नालदुम महादेव पोखरी हान्न पठाए । दुवै ठाउँमा ठूलो लड़ाईं भयो । चौतरिया जहांगीर र अलिकति लश्कर खती भए । "नेपालको लश्कर धेरै आयो, थाम्न सकिएन" भनी सरदार मनु शाही र बाँकी रहेका लश्कर उंकी नालदुमको किल्ला छोडेर फर्के । महादेव-पोखरीमा पनि ठूलो लडाईं हुँदा नजीकी देहऋषि पाध्या र अलिकति लश्कर परे । आशा भंडारीले आफूसितको बाँकी लश्कर लिई फर्के । यस खबरले महाराजका मनमा पूर्व-तर्फको ढोका बन्द भयो भन्ने ठूलो अपशोच पऱ्यो ।

"यस्ता तरहले लडाईं हुँदैन । अब नेपालको लश्कर काट्न दह्चोकतिर लाग्नुपऱ्यो" भन्ने महाराजबाट मन्त्रणा गरी दह्चोक हान्ने उद्योग हुन लाग्यो । "दह्चोक भनेको नेपालको शिर हो । त्यो खाएपछि आधा नेपाल खाएं" भन्ने विचार गरी महाराजबाट त्यस कामलाई काजी तुला-राम पाँडे, सरदार मनु शाही, सरदार शक्तिवल्लभ जोशी, जेठाबूढा बलिवन्त, नजीकी बांगे बस्नेत, नजीकी भोटे खत्री, नजीकी वीरभद्र बस्नेत, नजीकी हरिवंश पाध्या अधिकारी र जो चाहिने लश्कर समेत खटिए । उनीहरूले ठूलो लडाईं गरेर दह्चोक फत्य गरी त्यहाँको बन्दोबस्तका निति नजीकी हरिवंश पाध्या अधिकारीलाई मुखत्यार गरेर चाहिंदो लश्कर राखी अरू भारदारहरू फर्केर नवकोट पुगे । दह्चोक अंबल भएकोले महाराजबाट अब त निश्चय नेपाल खान्छु भन्ने मनमा दृढ गरी नालदुम उकास्नाका लागि चौतरिया महोद्दामकीर्ति शाहप्रभृति चौतरिया, कालु पांडेप्रभृति सरदार, जेठाबूढा, नजीकी, द्वारे, थरघर र उमराउप्रभृति चाहिंदा भारदार र लश्करलाई आफ्नै बाहुलीबाट टीका दिई बिदा गरे । उनीहरूले गई ठूलो लडाईं गर्दा गोरखाको जित भयो । चाहिंदो लश्कर दिई साहिलालाई कुरुवा राखेर अरू लश्कर फर्की नवकोट पुगे ।

तिनै ताका काठमाडौंमा मन्त्रीहरूले खेल गरी दयावती रानीलाई राजाले तिम्रो नाक काटी निकाल्न आँटेको छ भनी उठाएर छोरा ज्योतिप्रकाशलाई गादीमा राख्ने उद्योग गर्न लागे । उता गोरखाका महाराजलाई भक्तपुरमा बोलाई साँखु, चाँगु दखल गर्न लगाए । अनि राजा जयप्रकाश मल्ल आफैं फौज लिई लडाईं गर्न जाँदा पनि हटाउन सकेनन् । त्यसपछि पाटनसंग मदत लिई लड़ाईं गर्दा गोरखाली सिपाही सय छबीस समाती सास्ती गरी मारे र हटाए । त्यसै बेला मन्त्रीहरूले खेल गरी ज्योतिप्रकाश मल्ललाई गादीमा राखे । छोरा गादीमा बसेपछि राजा जयप्रकाश मल्ल मन्त्रीका डरले गर्दा कहिले कहीं र कहिले कहीं लुके । आखिर चार वर्ष बितेपछि गुह्येश्वरीबाट खड्ग दान पाई त्यसैका प्रभावले दुष्टहरू मारेर राज्यभोग गरेका थिए । गोरखा महाराजबाट नालदुम दखल गरेपछि जयप्रकाशले काजी चिकंढी मास्केलाई खटाई लडाईं गर्दा नालदुम फेरि जयप्रकाशको भयो । शाके १६७६ श्रावणका २१ दिन जाँदा गुरु वारका दिन गतघटी ३५ को साइत गराई गोर-खामहाराजबाट वीरभद्र थापालाई अग्रसर गरी जयप्रकाशका फौजसंग लडाईंमा जितेर आफूस गरे ।

उता पश्चिमतिर संपूर्ण बाईसी, चौबीसी र गोरखा-समेतले महेलको रूख गाडी होरी खेल्थे । पर्वते राजाले मात्र एकछत्रे चीर गाडी होरी गर्ने गर्थे । अरू कुनै राजाले एकछत्रे चीर गाड्यो भने त्यस्तो खबर सुन्नेबित्तिकै लश्कर लिएर गई चीर च्यातेर ल्याउँथे । त्यो कुरा गोरखामहा-राजबाट सुन्दा "लौ च्यातोस् पर्वतेराजाले चीर ।" भनी तीनछत्रे चीर गाडेर होरी गरे । यस्तो खबर पर्वते राजाले सुन्दा चीर च्यात्ने मनसुवा त गरेथे तर बीचमा लमजुङे राजा हुनाले आउन पाएनन् र चीरको कुरा आफ्नो मनैमा राखे । अनि पर्वते राजाले "नालदुम दह्चोक एकलौटी गरी खाएपछि नेपाल पनि अवश्य एकौटी खानेछ । त्यस बेला बाईसी चौबीसी कोही रहनेछैनन् । अब गोरखालाई बढ्न दिनु हुँदैन" भनी लमजुङलाई झल्को देखाएर प्रतीत पारे । लमजुङलाई अघि लगाएर पर्वतेराजा सिह्रानचोक हान्न आए । त्यस खबरको अर्जी आयो र बन्दूक हान्ने खानखवा-सलाई पहिले गढ थाम्न पठाए । चौतरिया कीर्तिमहोद्दाम शाह, काजी कालु पांडे, सल्ल्यानी द्वारे, बलं पांडे, अम्बर पांडे, थरघर तथा उमराउहरू नवकोटबाट सिरानचोकमा लडाईं गर्नाका निति खटिए । उनीहरू र गोरखामा भएका लश्करमध्ये गोरखा थाम्न आवश्यक मात्र बाँकी राखी

काजी रुद्र शाहले फौज लिई जाँदा सिरानचोकमा ठूलो संग्राम पऱ्यो । त्यसमा वैरीका धेरै लश्कर खती भए । त्यहाँ खानालाई कठिन पर्दा रुद्र शाहकी रानीले एघार भारी चिउरा र खुदोसमेत आफ्ना लश्करलाई बोकाई छोप्राकसम्म लगी बाँडिदिइन् र लश्करले खान पाए । यस लडाईमा सल्ल्यानी अम्बर पांडे, बले द्वारेप्रभृति धेरै वीर खती भए । जित गोरखाको भयो र सरदार दलभंजनबाहेक लमजुङका महीधरसमेत अरू सबै चौबीसीलाई बिसे नगर्चीको धोती टांगी धोतीमनि छिराए । शाके १६७७ साल श्रावण चतुर्दशीका दिन १८ घडी दिन चढ्दा सिरानचोक जिती चौबीसीहरूलाई हटाए ।

महाराजबाट अब पूर्वतर्फ बढ्ने मनसुवा गरी सबै मन्त्रीहरूसित सल्लाह लिदा पूर्वतिर हान्न तं जा भनी कालु पांडेलाई हुकुम भयो । उनले लमजुङ भड्क्ला, म जान्न भनी विन्ति गरे । महाराजबाट "तैंले जानैपर्छ" भन्ने हुकुम भयो र त्यसमुताबिक जान तयार भए । त्यसै बेला लमजुङे सरदार महीमान खवासले "हिजोको घाबन्दोबस्त रहेन । अब लमजुङे राजाको र हजुरको घाबन्दोबस्त हजुरै जान्नुहोस् । सिन्धुपूर्व गोरखाली बढ्यो भने तं आएस् भन्ने हाम्रा महाराजको हुकुम छ । तदर्थ म त जान्छु" भनी बिदा भएर महीमान भड्की परसम्म पुगे । अनि महाराजबाट काजी कालु पांडेलाई डाकी "पूर्वतर्फ नबढी मेरो चित्तले भने मानेन । महीमान फर्केर गयो । अब लमजुङ उठ्छ कि कसो हो ?" भन्ने हुकुम भयो । "त्यस्तै पर्ला भनी मैले अघिनै विन्ति गरेथें । अब हजुरबाट आंटिबक्सेको काम पनि पुग्ने र लमजुङेको मुखबुजो पनि लाग्ने पाठ गर्नुपऱ्यो । अर्थात् मलाई खोसी रुद्र शाहीलाई कजाइं बक्सिएर पूर्वतर्फको काजलाई पठाइबक्सियोस् । म ढाक्रे भई लमजुङसंग घा गर्न जाउँला ।" भनी कालु पांडेले बिन्ति गरे । राजनीतिको दाउपेच चल्दा कालु पांडे खोसिए र रुद्र शाही काजी भए । ढाक्रे भएका कालु पांडे महीमानलाई लिई घा गर्न लमजुङ गए । काजी रुद्र शाही पनि काजी दलजित शाही, सरदार बली पन्त, जेठाबूढा जया बानियाँ, रणे बानियाँ, नजीकी वीरभद्र बस्नेत, बांगे बस्नेत, नजीकी बीजे खत्री, नजीकी भोटु पन्तप्रभृति थरहरू उमराउ र लश्कर लिई पूर्वतर्फ हान्न गए । शक्तिबल्लभ जोशीलाई लामुडाँडाको तैनाथ दिंदा उनले देवरालीको ठाना कुल्हे । नवकोटमा महाराजले समुद्र निलेको स्वप्न देख्दा नेपाल अवश्य निलें भन्ने मनमा पऱ्यो । भलो स्वप्न सत्पात्रलाई कहनुपर्छ भन्ने विचार गरी जागा हुनेबित्तिकै पुरोहित रामकृष्ण जोशीलाई डाकी स्वप्न कहे । "जलको स्वप्न देखेको त वातरोग हुन्छ, तदर्थ केही अवश्य गर्नुपर्छ" भनी उनले विन्ति गरे । आफ्नो मनको आशयको फल एउटा र पुरोहितले बताएको फल अर्कै भई फरक पर्दा चित्त प्रसन्न नभई पुरोहितदेखि साह्रै रिसानी भयो । अनि ढाल तरवार बाँधेर ठाना कुल्ही बसेका शक्तिवल्लभ जोशीलाई झिकाई स्वप्न बताए । "यो स्वप्न देखेको होइन, हजुरबाट नेपालको तीन तखत निलिबक्सेको हो" भनी उनले विन्ति गरे । यसबाट महाराज खुशी भई "पुरोहितमाफिकका ब्राह्मण त यस्ता पो हुन्छन्" भन्ने हुकुम भयो । उनलाई ढालतरवार बाँधेको प्रायश्चित गराई पुरोहित्याइं दिइयो । बाली नपुगी खोसिए भनी रामकृष्ण जोशीलाई बाली खर्च दिइयो ।

यिनै ताका काशीबाट जयमंगल पण्डित आई आशीर्वाद चढाए । सिद्धसंग भेट गराउने यिनै हुन् भनी बहुत आदरभाउ राखी "पण्डितजी, नेपाल सर गर्न सकुंला कि सकोइन?" भन्ने हुकुम भयो । "हजुरलाई सिद्धले दिनुभएको छ, यसमा कत्ति सन्देह छैन । नेपाल तीन तखतको त के कुरा अरू पनि हजुरबाट जहांसंम मनसुवा गर्नुहुन्छ त्यहासंम फत्य हुनेछ" भनी उनले विन्ति गरे । यसबाट महाराज खूब खुशी भई असल साइतमा पण्डितजीलाई गुरु तुल्याए ।

त्यसै समयतिर जेठा महारानीले मकवनपुरबाट पठाएको अर्जी आइपुग्यो "तकसीर त भाइको र कनकसिह बानियांको हो । मेरो त केही तकसीर छैन ।" यस किसिमको अर्जी आउँदा अघि साहेब दिग्बन्धन सेन र कनकसिंह बानियांका कर्तव्यले डोला अड्काएका बखतमा अर्की रानी विवाह गरी उतातिर साहेबज्यू पैदा भएपछि मात्र तिमीलाई लिन पठाउँला भनी सुनाएको रहेछ । सो कुरा संझी साहेबज्यू प्रतापसिंह र पाउरखवारीमा चौतरिया, काजी, भैंभारदार, थरघर गैह्रलाई पठाए । साहेबज्यूलगायतले उहाँ गई डोला मागे । मकवानपुरे राजाले अब त गोरखामहाराजको जहांतहां तरवार बजिसकेको छ, अब पनि यिनीसंग विरोध गरे मकवानपुरको ढुंगालाई अवश्य सहनेछैनन् भन्ने विचार गरे । अनि पालकी, हात्ती, आशागुर्जा, चौरी, पंखा, मुर्चल, सोठालगायत गैह्र असबाफ एक प्रति मैयांलाई र एक प्रति महाराजजाई गरी दुइ दुइ प्रति बडो

संमानपूर्वक चढाई सुसाइतमा डोलालाई बिदा गरे। ती असवाफ लिई साहेबज्यूका साथमा जेठा महारानीको सवारी नवकोट पुग्यो। अघि नभएको असवाफ र हात्तीसमेत साथमा लिई महारानीले दर्शन गर्दा विदेशको बादशाही चाल हाम्रा दरबारमा ल्याइन् भनी महाराजको चित्त बहुतै खुशी भयो। महारानीलाई जागीर र चौतरिया मानसमेत मिल्यो।

त्यसपछि धेरै भयो नेपाल लिने कार्य सिद्ध भएन। तसर्थ त्यहांका मानिसहरूसंग सलतनत गर्नुपऱ्यो भन्ने ठानी घा गर्ने छलले काजी तुलाराम पांडे, जेठाबूढा बली पन्त, जयकृष्ण थापा, देवराज कटुवाल, रणजित थापा र थरघरहरूसमेतलाई काठमाडौं पठाए। उनीहरू काठमाडौं पुगेर त्यहांका राजा र भारदारहरूसंग धाको झलक देखाएर मुलाकात गरी डेरामा फर्के। भित्री संक्षेपसंग आफू जुन कामले आएका थिए त्यो काम जुन जुन मानिसबाट पुग्ने जस्तो ठान्दथे ती ती मानिससंग भेटघाट गरी आफ्ना मतलबको कुरा प्रकाश गर्दथे। त्यस्तैमा एउटा मानिससित गोरखाका काजीले त्यस्तो कुरा गरेकामा उसलाई मन नपर्दा राजा जयप्रकाशसंग गई भनेछ। राजाले बुझ्दा अरू एकदुइ भारदार, सिपाही र महाजनलाई पनि फकाएको कुरा जाहेर भयो। यो काजी घा गर्न आएको रहेनछ, नेपाल बिगार्न आएको पो रहेछ भनी काजी तुलाराम पांडे र उनसंग आएका अरू मानिसलाई समेत कसैलाई नेल ठोकी र कसैलाई त्यसै नजरबन्दीमा राखी थुने। यिनीहरूले गरेको कामकुरा सबै विस्तारसंग प्रकाश हुंदा राजा जयप्रकाश मल्लले मन्त्रीहरूसंग काजीका साथमा सबै मानिस मार्नुपर्छ भनी गरेको सल्लाह कुनै इष्टबाट काजीहरूले थाहा पाउंदा काजीका साथमा रहेका पांच सात जना भागे। यो खबर जयप्रकाशले सुनेपछि जो भएका मानिस चांडो मार्नू भन्ने हुकुम दिए। ठूला भैरवका स्थानमा मानिसहरू लगी कानमा बत्ती राखेर मनाउंदा फटफटाई पर्स्यो भनी देवराज कटुवाल र रणजित थापालाई काटे। ती दुइ जनाका हातहतियार मूलचोकमा ल्याइ टाँसे। जयकृष्ण थापा फटफटाएन र यो त पर्सेन भनी थुन्न लैजांदा समात्ने मानिसलाई हुत्याएर आफू ढोकाको ढलमा फाल हाली भित्रभित्रैबाट विष्णुमती निस्केर जीउ बचाइ काहुलेठानाका आफ्ना लश्करमा मिलन गए। जेठाबूढा बली पन्तलाई यो त ब्राह्मण हो मार्नु छैन भनी नेल ठोकी लक्ष्मीपुरमा राखे। काजी तुलाराम पांडेलाई काट्न खोज्दा नेपालका काजी ज्यूधनले "यो ठूलो मानिस हो, यसलाई मारी हजुरलाई नफा छैन। बरु यसबाट काम लिए गोरखालाई हटाउन सकिएला" भनी विन्ति गर्दा जयप्रकाशले मंजूर गरे। अनि तलेजूका स्थानमा लगी "यहांको काजी होउला, गृहिणी झिकाउ" भनी धर्मकबूल गराए। त्यसपछि यी काजी राजाकहां बराबर जानुआउनु गर्न लागे। यसरी महीना डेडमहीना बित्यो। राजा उनीदेखि खुशी नै थिए। "परिवार झिकाउंला भन्ने तेरो करार थियो। तेरा परिवार अहिलेसंम किन आएनन् ?" भनी हुकुम हुंदा "अर्का राजाका तावेदारीमा परेका मानिस हुनाले भागी लुकी आउनुपर्छ, आफूले भनेका वेलामा कहां आइपुग्नन् र ? चांडो ढिलो मात्र हो अवश्य आइपुग्छन्" भनी मुखले टालो मार्दै थिए। राजाले साह्रै च्याप्दा अब यसै चुप लागिरहे त यस राजाले बिगार गर्ला भनी पाटनका काजी धनवन्तसित कुरा मिलाई एक दिन रातका बीचमा पाटन पुगेर धनवन्तसित मुलाकात गरी मितेरी लगाएर रातैमा फर्के। राजा जयप्रकाशले फेरि "परिवार ल्याउंदैनौं ?" भनी झन्सारो च्याप्दा अब मैले यहां बस्नु मुनासिब छैन, जानैपर्छ भनी तुलाराम पांडे राताराात गरी पाटन पुगे। त्यहां धनवन्त काजीसित भेटी कुराकानी गर्दा काजी धनवन्तले राताराात गरेरै नालदुमसंम पुऱ्याउन पठाइदिंदा काजी तुलाराम पांडेले आफ्नो लश्करमा सामेल भई त्यताबाट नवकोट पुगेर महाराजसित सब हालसुरत विन्ति गरे। यसबाट महाराजलाई खूब आनन्द भयो।

यता बली पन्तलाई नेल ठोकेका व्यथाले साह्रै दबाउंदा "तं पशुपति जान्छस् कि अन्त जान्छस् ?" भनी जयप्रकाशले सोधे। "म अन्त जान्न, बिदा दिनुहुन्छ भने हाम्रा महाराजकहाँ जान्छु" भनी उनले भने। अनि "यो मर्न लागेका ब्राह्मणले के गर्छ र ?" भनी छाडिदिए। बली पन्त नवकोटमा महाराजको दर्शन गर्न जांदा बेलकोटमा पुगेपछि बाटैमा मरे। त्यसपछि गोरखामहाराजबाट नेपालका काजीहरूलाई हात लिने मनसुवा गरेकै बखतमा राजा जयप्रकाश मल्लले आफ्ना चाकर रगरकोटी दुइ जनालाई चाकरी गर्न पठाई उनका हातबाट पाटनका काजी कालिदासलाई मराए।

तिनै ताका मध्येसबाट आएका विष्णुदत्त ब्रह्मचारीले

राजाका आज्ञाले वैष्णवीपीठमा पुरश्चरण शुरु गरे। स्थापना गरेको सिद्धमोहनी कलश उठाई ल्याएर त्यसैका प्रभावले तेरो कार्य सिद्ध हुन्छ भने सिद्ध हुने, सिद्ध हुँदैन भने सिद्ध नहुने यस्तो सिद्धवाणी भएको वंबहालको बांडा-लाई नवकोटको धामीले बोलेको पुगे कैं पुग्ने हुँदा दिनदिन सबैले त्यसलाई देवतालाई कैं मानेका थिए। त्यसबाट उ बहुत मत्त भई जिउंदो मत्स्येन्द्रनाथ हुँ भनी उहाँका शिरको छत्र लिन जाँदा त्यसलाई पक्री मारे।

उता महाराज पृथ्वीनारायण शाहले नेपालका काजी र भलामानिसहरूलाई उनीहरूले लेखेको चिठीको उत्तर लेखे कैं झलक पारी "तैंले यस मतलबको चिठी पठाइछस्। तैंले भनेका कामकुरामा म लागेकै छु। दुइ दिन विस्तार भयो भनी नहडबडाएस्। तेरो पीछा पनि मैले लिएकै छु। त्यो काम अवश्य गरी पठाउँला" भन्ने झलकको लालमोहर चिठी काजीहरूलाई पठाएको भए पनि राजा जयप्रकाश मल्लले फेला पार्ने गरी पठाउने गर्थे। त्यस्तो चिठी राजा जयप्रकाश मल्लले फेला पारी आफ्ना काजीहरूलाई बोला-एर "तिमीहरू त मैले दिएका काजी पो हौ! अहिले निमक छोडी गोरखाका राजासित मिलेर हाम्रो बिगार गर्न दोहरा चिठी हिंडाउंदा रहेछौ" भनी झपारे। "हामीहरूले गोरखा-लाई चिठी लेखेकै छैन" भनी काजीहरूले विन्ति गरे। राजा जयप्रकाश मल्ल झन् रिसाई गोरखाबाट आएको चिठी देखाएर आफ्ना काजीहरूलाई विवेक विचारै नपुऱ्याई मारे। त्यो खबर गोरखा महाराजकहाँ पुग्यो। अनि अर्को चिठी जयप्रकाशकी महतारी कुमुदिनी रानीलाई "तपाईं मेरो पनि महतारी हुनुहुन्छ। तपाईंबाट छोराले त्यस्तो दबल गर्न लागेको देख्दा मन नपरी मलाई चिठी लेख्नुभए-छ। तपाईंको म पनि छोरोनै हुँ। दुइ दिन विस्तार भयो भनी नहडबडाउनुहोला। तपाईंले लेख्नुभएको काम कुरा म अवश्य गर्नेछु" भनी लेखेर राजा जयप्रकाश मल्लका हातमा पर्ने गरी पठाए। त्यो चिठी पनि फेला पार्दा जयप्रकाशले आफ्नी महतारीमाथि बहुतै रिस गरी "तपाईंले पनि मेरो भलो नहेर्ने भएपछि अरू कसले मेरो भलो हेर्ला?" भनी महतारीसित पनि उनको चित्त टुट्यो।

तिनै ताका जयप्रकाश मल्लले बेलकोट थानसिङका जैसीहरुसित "साहेबज्यू प्रतापसिंहलाई शिकार खेलाउने बहानाले चिसापानीका लेकमा बनेल धेरै पाइन्छन् भनी तिमीहरूले ल्याउनू। त्यस जंगलमा हजार बाह्र सय भोटे र दुइ तीन सय खस मगर सिपाहीलाई लुकाई राखौंला। तिमीहरूले पक्राइदिनू" भनी गठ बांधेका थिए। तिनीहरूले गएर साहेबज्यूलाई मच्चाई शिकार खेलाउन भनी शिव-भक्तका पौवासंम ल्याएका थिए। त्यसै अवस्थामा पाटनमा आपस्तसित भेट गर्ने छलले चेवाचर्चा गर्न पठाएका गोर-खाली यज्ञेश्वर जैसी र शिवानन्द कोइरालालाई त्यहाँका धनवन्त काजीले "तिमीहरू किन यहाँ गल्लीमा डुलि-रहन्छौ? तिम्रा साहेबज्यूलाई शिकारका छलले चिसापा-नीका जंगलमा ल्याई पक्रनाका निंति हजार बाह्र सय भोटे र दुइ तीन सय खस मगरले हामी साहेबज्यूलाई ल्याउँला भनी जगत पांडेप्रभृति बेलकोट, थानसिङ, नवकोटका जैसी-हरुसमेतले गठ गरी गएका छन्। त्यो कुरा भयो भने पछि तिमीहरूले त्रिशूलगंगा तर्नुपर्नेछैन। हामी भनेका इष्टघर हौं, बखतमा देखाइदिएका छौं। चांडो गई साहेबज्यूको संभार गर" भने। उनीहरूले टोपी झिकेर काखीमा च्यापी नेवारको भेष गरेर रातारात दहचोकमा महाराजका हजु-रमा पुगी सब हाल विस्तार गरे। महाराजबाट रातारात मानिस खटिए। शिकारमा सबारी हुने अघिल्ला दिन शिव-भक्तले बनाएका सत्तलमा साहेबज्यूको क्याम्प थियो। खटिएका मानिसहरू उहाँ पुगी "हजुरमाथि दगा गरी नेपा-लबाट जैसीहरू आएका रहेछन्। अब चांडो नवकोटतर्फ सवारी होओस् भन्ने बुबाज्यूको हुकुम भएको छ" भनी विन्ति गरे। उत्तिखेरि साहेबज्यूको सवारी महाराजकहाँ भयो। "तिमीलाई चिसापानीका जंगलमा धेरै बनेल छन् भनी मच्चाई लैजाने को हो?" भनी महाराजबाट हुकुम भयो। "जगत पांडे जैसीले भनेको हो" भन्ने उत्तर दिंदा उत्तिखेरि उसलाई पक्री केरकार गरियो। उ बोलेन र खुर्सानीको धूप दिई कोर्रासमेत हान्दा "म मात्रै हुँ र? म जस्ता मतियार आठ जना छन्" भनी अरू थानसिङ बेल-कोट र नवकोटका जैसीहरूलाई समेत पोल्यो। उनीहरूलाई पनि पक्री सास्ती सासना गर्दा एउटा कायल भयो, अरू सात जनाले "हाम्रो कसूर छैन, न्याय होओस्" भनी विन्ति गरे। न्याय हाल्दा सातै जनाले हारे। एक जनाका हातमा न्याय पसेका दस बाह्र घडीपछि फोको उठेछ र आफैले छुरी धसी मऱ्यो। बांकी छ जनाले "राजा जयप्रकाश मल्लले साहेबज्यूलाई पक्रायौ भने तिम्रा भएका बिर्ताको दोबर दिउँला भनी लोभ देखाएका हुनाले हामीले चिसा-

थानीका वनमा फौज लुकाएर यहाँ साहेबज्यूलाई लिन आएका हौ" भनी कायल भए । अनि गाथगादीसम्बन्धी विराम गर्नेलाई राख्नुहुन्न भनी आठै जनालाई मृत्युदण्ड दिए । तिनीहरूको बिर्ता घरखेत सबै सर्वस्व हरण भयो । "अबउप्रान्त जसलाई कसैले पाउलागी नगर्नू । यिनीहरूले सिपाहीसित दोहोरो सलाम गर्नू । यिनीहरूले उपाध्याय ब्राह्मणलाई जशै गर्नू । यिनीहरूले स्वाहा स्वधा पनि नगर्नू' भनी जैसीहरूको निति बन्देज बाँधियो ।

त्यसपछि गोरखा र भादगाउँ मिली चाँगु हान्न गएका बखतमा राजा जयप्रकाश मल्लले पाटनसित मिली धेरै लश्कर जम्मा गरेर सिन्धु सिपातर्फबाट आफ्नो काठमाडौंको लश्कर भिडाई लडाईं चलिरहेका अवस्थामा पछाडिबाट पाटनको लश्करले छोपी हानमार गर्दा लडाईं बिग्रियो । गोरखातर्फका शिवराम बस्नेतसमेत धेरै मानिस खती भए । अनि पृथ्वीनारायण शाह भादगाउँका राजा रणजित् मल्लकहाँ गई एक वर्षसम्म बसे । त्यसै बखत जयप्रकाश मल्लले रणजित् मल्ललाई मानिस पठाई "हाम्रा तीन तखत नेपालमा बहुतै दृष्टि दिने राजा पृथ्वीनारायण शाह तिम्रा हात परेपछि हाम्रै हात परे जस्तो हो । हाम्रो नेपाल थामियो भन्ने मेरा मनमा खातिरजामा परिसक्यो । अब गोरखाका लश्कर त्रिशूलगंगा तार्‍यौं । हेर, तिमी पुतली भई दीपमा परौला । राजाले बखत छोप्नुपर्छ । बखत आउँछ पर्खंदैन । ती बडा छली हुनाले तिमी सक्नेछैनौं । तिनलाई कैद गरी मछेउ पठायौ भने तिनको संभार गर्न मैले जानेको छु । यदि यो कुरा मानेनौ भने परिणागमा तिम्रो हाम्रो राज्य रहनेछैन । तसर्थ सर्वथा पठाइनेऊ" भनी बराबर चिठी लेख्ने गर्थे । रणजित् मल्लले "म ता सूर्यवंशी क्षत्रिय हुँ, मेरो राज्य रहे रहला, गए जाला । आफ्ना कुलमा गाल पारी राज्य त के मेरो जीउ जान्छ भने पनि शरणको मरण गर्दिन । राजा पृथ्वीनारायण शाहलाई तिमीकहाँ सौंपन्न" भनी जवाफ दिई "अब तिमीमाथि दगा हुन लाग्यो, यहाँ नबस । तुरुन्त आफ्ना लश्करमा जाऊ" भनी गोरखा महाराजलाई संक्षेप गरे । महाराज पनि त्यताबाट नवकोट गए ।

त्यसपछि महाराज भादगाउंमा बस्दा पाटनबाट झिकाई राखेकी भित्रिनीलाई क्षयरोग लाग्यो र वैद्यहरूले उपचार गर्दा पनि निको भएन । अनि काशीवास पठाउँदा देवघाटमा तनहुँकोटे राजा त्रिविक्रम सेन पनि उहीं गएका रहेछन् र उनले डोलीको झापन उघारी हेरेर छाडिदिए । डोली काशी पुगेपछि बीचमा राजा त्रिविक्रम सेनले झापन खोली विपर्दा गरेको खबर गोरखामहाराजकहाँ जाहेर भयो । त्यसबाट महाराजलाई म पनि त्यसको विपर्दा गरुंला भन्ने लाग्यो ।

अघि छालिङको कटक राजा रणजित् मल्लले बिगारिदिएका र आफू भादगाउं बस्नुपर्दा कुराका सिलसिलामा मैले होइन, परशुराम थापाले पो त भनेका, साथै नवकोट फर्कन बिदा हुन जांदा पनि मदेखि अनुचित नगरे भनी भनेका, तपाईंको र मेरो विरोध पार्ने परशुराम थापालाई दिनुहोस् भनी भन्दा बुझाई दिएका पनि थिएनन् । त्यस्ता राजा रणजित् मल्ललाई नपक्री भएन भनी रिसाएर काजी कालु पांडेलाई "राजा रणजित् मल्लसित भेट गर्ने छलले उनलाई पक्रनू" भनी अह्राई केही फौजका साथमा बिदा गरे । ती पक्रन जानेहरू पक्रन नसकी त्यसै फर्के । महाराज बहुतै रिसानी भई "किन पक्रन सकेनौ ?" भन्ने हुकुम भयो । "उनका मुलुकमा गई पक्रनालाई हुकुम नभएको र पलांचोकमा भने राजा आउंदै आएनन्, बनेपाबाटै फिरे । कसैले इशारा लिएछन् कि त्यो कुरा हामीलाई थाहा भएन ।" भनी कालु पांडेलगायतले विन्ति गरे ।

उता राजा त्रिविक्रम सेनलाई सिमानासंम ल्याउन को सक्ला ? भनी विचार गर्दा आफ्ना बुबाको र त्रिविक्रम सेनका पनि एकै गुरु भएका गौरेश्वर पण्डितलाई डाकेर बहुत खातिरजामा दिई "राजा त्रिविक्रम सेन हाम्रा बुबाज्यूका पनि मावली हुन् र भाइहरूका पनि मावली हुन् । मेरो नेपालको काज ढिलायो । बीचमा बहुतै खिचोला पर्न लाग्यो । उनीसित अर्ति माग्नु पनि छ, आफ्नो सुखदु:खको कुरा गर्नु पनि छ । सिमानासंम उनलाई ल्याउने काम गर्नुहोओस्" भनी अह्राएर बिदा गरे । पण्डितजीले तनहुं पुगी त्रिविक्रम सेनसित सबै विस्तार गरे । "गुरुज्यू, गोरखाका राजाका बीचमा नपस्नुहोस् । किनभने ती बहुतै छली छन् । मैले उनकी भित्रिनीको डोली हेरेथें, त्यही रिस मनमा लिएर दगा गर्न खोजेका हुन्" भनी सेनले जवाफ दिए । गुरुज्यूले फेरि "ती गोरखाका राजालाई नेपाल चांडो मार्न सकिन भन्ने सुर्ता परिरहेछ । त्यसैले हजुरसित नेपाल चांडो मार्न सक्ने युक्तिबुद्धिको अर्ति मिल्ला कि

भन्ने इच्छा पो गरेका छन् । दंगा गर्नालाह अवश्य पनि होइन" भनी थपे । "तपाईंले तिनको भेद पाएको रहेनछ, अब तपाईं यस बीचमा नपस्नुहोस्" भनी सेनले भने । "उसोभए म गोरखा जान्छु" भनी गुरु गोरखा पुगेर गोरखामहाराजसित सबै विस्तार गरे । अनि महाराजले "गुरुज्यू, मैले त भेट नगरी भएन । जुन कुराले तपाईंलाई प्रतीत पर्छ सो कुरा म गरिदिन्छु । बुबाका मावली पनि तिनै हुन्, भाइका मावली पनि तिनै हुन् भने मैले कसरी दंगा गरुँला ?" भन्ने हुकुम भयो । आफूलाई जति कुराले प्रतीत पर्ने हो उति कुरा लिई पण्डितजी फेरि तनहुं पुगे । भएको सबै बेलिविस्तार गर्दा तनहुंका राजाका मनमा प्रतीत पर्‍यो । "यस दिन ज्यामीरघाटमा भेट गर्नू । तर दुवैतिरका लश्करले हातहतियार नल्याउनू" भन्ने बन्दोबस्तको अर्जी गोरखामा गयो । पृथ्वीनारायण शाहले भने आफूसंगको फौजका साथमा गई फुजेलटारमा डेरा गरे । तनहुंका राजा त्रि (तिल) विक्रम सेन पनि गंगाको पारिपट्टि आई बसे । गोरखामहाराजले कैफियत गरी "भेट गर्ने ठाउं गंडकीका तीरमा बालुवाभित्र हातहतियार लुकाउनू र भोलिपल्ट रातमा हतियार जस जसले जहां जहां राखेको हुन्छ त्यहां त्यहां गई बस्नू" भनी आफ्ना मानिसलाई हुकुम दिए । बिहान उज्यालो भएपछि लश्करले उर्दीमाफिक सबेरै गई आआफ्ना हतियार लुकाएका ठाउंमा गई बसे । भेट गर्न थर्पुमा दुइ राजाको भेट भयो । कुशलप्रश्न भएपछि "नेपाल कसरी मर्ला ?" भनी गोरखामहाराजबाट सोधनी भयो । परिणममा आफ्नी भित्रिनीको डोली खोलेर हेर्‍यो भन्ने रिसले कुरो नमिल्ने पाठ गरी थर्पुबाट महाराजले "लौ हान" भन्ने इशारा दिए । गोरखालीहरूले आआफ्ना हातहतियार बालुवाबाट झिकी प्रहार गरे । उर्दीबमोजिम हतियार केही नलिई त्यसै आएका तनहुंका लश्कर धेरै मारिए । आखिर राजा त्रिविक्रम सेनसमेत पक्रिए । "हाम्रा जनानाको इज्जत लिने तिमी को ह्वौ ?" भनी नेल ठोकेर डोलीमा राखी आफ्नै साथमा गोरखा ल्याए । बाटामा त्रिविक्रम सेनले गौरेश्वर पण्डितसित "गुरु, तपाईंका कृपाधर्मले मेरो यो गति भयो । धन्य तपाईंको धर्म !" भनी फुपारे । पण्डितजीले केही जवाफ पनि दिएनन्, बाटामा कसैसित बोल्दा पनि बोलेनन् । गोरखा पुगेपछि महाराजसित गौरेश्वर पण्डितले "महाराज, मलाई धर्म दिई यस्तो काम गर्नु यही हो तपाईंको धर्म ?" भनी विन्ति गरे । विन्ति नलाग्दा उनी धर्ना बसे । त्यसबाट रिसानी भई महाराजबाट "हाम्रो मुलुकमा नबस" भन्ने हुकुम भयो । पण्डितजीका कुलगृहिणीहरू तनहुँ गए । महाराज त्रिविक्रम सेनलाई नवकोटतिर लगे ।

यता भक्तपुरका राजालाई पक्रन नसकेको हुनाले महाराजले लश्कर पठाई ललितपत्तनको फर्पिङ, चित्लाङ आदि ग्रामहरू दखल गर्न पठाए । त्यहांका काजी भीमख्वालले फौजसाथ गई लडाईं गरेर आफ्नो कायम गरी फर्के । अनि कीर्तिपुरको शिररूप भएको आफ्नो दहचोकमा आई कीर्तिपुर हान्ने बारेमा सल्लाह भयो । सबै भारदारहरूले आआफ्ना चित्तले देखेको कुरा विन्ति गरे । त्यसमा सर्वप्रथम काजी सुरप्रताप शाहले "हाने फुट्छ" भनी विन्ति गरे । काजी कालु पांडेले "अहिले तीन शहरको एक मेल भइरहेको छ, यस वेलामा कीर्तिपुर हान्नु हुंदैन, त्यो अवश्य फुट्दैन । यी अरू सबै केटाकेटी हुन् । कुलानन्द जैसीले दिएका साइतमा हजुरको तरवार जहांसम्म परेको छ, त्यहांसम सबै फत्य भएको छ । आज उनै जैसी पनि साथमा छन् । मोहडा जोरी दहचोकमा हरिवंश बसेको पनि धेरै भयो । यी दुइ जनालाई सोधिबक्सियोस्" भनी विन्ति गरे । महाराजबाट सोधनी हुंदा उनीहरूले विन्ति गरे "अहिले हजुरको दिनदशा पनि उस्तो असल छैन, कीर्तिपुर हान्ने साइत पनि पाइएको छैन । सो कीर्तिपुर हान्ने उद्योग नगरिबक्सियोस् भन्ने बिचार गर्दछु । जहिले असल साइत ठहर्ला उहिले विन्ति चढाउंला र उद्योग गरिबक्सिएला । अहिले अवश्य फुट्दैन" भनी कुलानन्द जैसीले विन्ति गरे । यो कीर्तिपुर नखोलीकन तरवारले मात्र फुट्नेछैन । मैले खोलाउन लागिरहेको छु । हान्ने बेला भएपछि म विन्ति गरी पठाउंला र उसै बखतमा उद्योग गरिबक्सिएला" भनी हरिवंश पाध्याले विन्ति गरे । यसपछि महाराज बहुतै रिसानी भयो र "तिमीहरू दुवै जना कालेका मूतमा बगेका रहेछौ । तंदेखि दोस्रो गोरखादरबारमा अर्को जैसी पनि कोही रहेनछ । हरिवंशदेखि दोस्रो मन्त्री पनि अर्को कोही रहेनछ । हामीले काज गर्दा कसो हुने रहेछ हेर ! तैंले साइत नहेरे बालकृष्ण जैसीलाई साइत हेराई मेरो कार्य सिद्ध गरूंला" भन्ने हुकुम भयो । "बालकृष्ण त मेरा हिसाबमा केटाकेटी हो । त्यसले साइत हेर्ला र हजुर काम गरिबक्सिएला ! केटाकेटी आए, गुलेली खेलाए भने जस्तो होला । कीर्तिपुर अहिले हानेर फुट्दैन" भनी कुलानन्द

जैंसीले फेरि विन्ति गरे । यो कुरा महाराजको मन नपर्दा सुरपताप शाहप्रभृति सब भारदारहरूसंग सल्लाह भयो । उनीहरूले "कीर्तिपुर हान्नुहोओस्, फुट्छ" भनी विन्ति गरे । काजी कालु पांडेले फेरि हट्के "महाराज, अहिले तीन शहर एकट्ठा भएको छ । तसर्थ कीर्तिपुर हान्न हुंदैन । हजुरबाट पत्यार गरी मोहडा जोरी बसेका मानिसले पनि सल्लाह दिएनन् ।" यसबाट महाराज रून् रिसानी भयो । कुलानन्द जैंसी दिग्दार हुंदा बिदा भई लमजुङतर्फ गए ।

यता नेपालतर्फ गोरखाले कीर्तिपुर हान्न आयो भन्ने खबर पाउंदा "कीर्तिपुर भनेको नेपालको मूड हो । त्यो गोरखालीले लियो भने हामी तीनै राजाको राज्य गयो । उसलाई अघि हामीले दहचोकमा पनि उक्लन नदिनुपर्ने थियो । उस वेला हामीहरू चुकिहाल्यौं । आज फेरि कीर्तिपुर पनि लियो भने त हामी सबैलाई मार्‍यो । तदर्थ हामी तीनै राजाहरू मिली कीर्तिपुरको गुहार दिन जानुपर्छ" भनी तीनै राजाले मतो बांधी कीर्तिपुरलाई मद्दत दिन गए । काजी कालु पांडेको विन्ति पनि नसुनी गोरखामहाराजबाट बालकृष्ण जैंसीलाई साइत हेराउंदा शाके १६७९ जेठका १९ दिन जांदा दशहरा शनि वारका दिन हान्ने साइत लेखी चढाए । त्यस दिन काजी कालु पांडेले "महाराज, अझ पनि म विन्ति गर्छु—कीर्तिपुरका मद्दतलाई तीनै राजाको लश्कर आएको हुनाले हाल कीर्तिपुर बलियो छ । तसर्थ हान्नु ठिक छैन । पछि यी तीन राजालाई फोरी हान्नु बेश हुन्छ" भनी विन्ति गरे । महाराजबाट तैपनि मंजूर नगरी "तंलाई मर्न गाह्रो लाग्यो कि ?" भन्ने हुकुम भय । अनि कालु पांडेले "मैले मरी हजुरको सब्य हुन्छ भने म मर्छु" भनी मुखमा पंचरत्न हालेर जेठा छोरा वंशपांडेलाई हात समातेर लगी महाराजको पीछा पारेर बिदा भई लड्न गए । भाजंखेलमा हाली काजी कालु पाँडेले आपना साथमा रहेका कर लिई कीर्तिपुरमा हमला गर्न खोजे ।

त्यसै वेला राजा जयप्रकाश मल्ल आपना तर्फका फौज लिई टंकेश्वरको बाटाबाट गए । पाटनका राजा विश्वजित् मल्लले गणेशस्थानका बाटाबाट गई भाजंखेल घेरे । भक्तपुरतर्फका लश्करले पाटनबाट कीर्तिपुर जाने मूलबाटो समातेर गई हमला गरे । गोरखाली फौजलाई काठमाडौंतर्फका लश्करले पछाडितिरबाट हान्ने, भादगाउंका लश्करले संमुख परी बीचबाट चढाइ गर्ने र पाटनका लश्करले कीर्तिपुरमा पसी मिल्दै आउने गरी घेरेर सखाप पारे । बलखुदेखि पारि, कीर्तिपुरदेखि मनि बाटाका पोखरीका नजीकमा ठूलो लडाईं पर्‍यो । दुबै पक्षका लश्कर धेरै परे तापनि गोरखाका फौजहरू पछाडि, अगाडि र बीचमा गरी तीनतिरबाट हान्ने भै तीन राजाका लश्करका बीचमा पर्दा चार सय जवान ठहरै भए । यस लडाईंमा परेका गोरखाका मुख्य मुख्य सरदारहरूमा काजी कालु पांडे, चामु साहिला, ज्यू खान, लाटा खत्री, सहस्राभ राना, सोटा दनुवार, शिरा जोरावर, रणशूर कार्की, वागसिङ कार्की, पंचसिंह कार्की, नागर भंडारी, उत्तम घर्ती, मणिराज बस्नेत, जेबर शाही, सहदेव मल्ल, यशकर्ण अधिकारी, दावदल अधिकारी, नारायण थापा, विष्णु थापा, नरे थापा, नाथु थापा, मुसे नाऊ, भने भाजू, जुंघे गुरुङ, कृष्णमणि राना, जसु अधिकारी, मुसे ठाकुर, जगधर शाही, बुद्धिकर शाही, अम्बर शाही, शिवदत्त शाही, बनुवा थापा, जबर सेन आदि गोतिया थरघर, उमराउहरू धेरै परे । घायल पनि धेरै भए । यस लडाईंमा श्री बाघभैरव र श्री जयवागीश्वरीको स्वरूप लश्करमा प्रवेश भएको हुनाले देवपाटनका सिपाहीले बाह्र घडीसंम ठूलो लडाईं गरी दुइतर्फका लश्करमा मधेसतर्फबाट झिकाई दर्माहा दिएर राखेका नेपालतर्फका नगरकोटी सिपाही र गोरखाका फौज गरी जम्मा बाह्र सय मरेछन् । लडाईं बिग्रंदा गोरखामहाराजबाट आफ्नातर्फका शूरा शूरा काजी, सरदार र उमराउहरू धेरै मरेका हुनाले जीउको संचय गरी भागेर जानुपर्‍यो । पुतवारहरूले धेरै मिहिनेत गर्दा पनि नपुगी जयकृष्ण थापाका पीठमा चढी दहचोकको डांडामा पुगे । यहां थाम्न केही मानिस राखी घाइतेहरूलाई ओसार्दै आफूसमेत नवकोटमा गई बसे ।

यता जयप्रकाश मल्लले काजी कालु पांडेको शिर मात्र काटेर लगी उनका ढाल, तरवार र खुंडासमेत बाघभैरवका स्थापना टाँसिदिए । अनि उनले "गोर्खाका शूरा शूरा सरदारहरू मारिसक्यौं, अब लडाईं गर्न आउन को सक्छन् र ?" भनी अहंकार लिए । साथै गोरखालीलाई दपेटा दिनामा लागी ठूलो काममा चुके र कान्तिपुरमा फर्की बढाईं गरे । उता गोरखामहाराज पनि काजी कालु पाँडेलगायत शूरा शूरा सरदारहरू लडाईंमा परेका हुनाले ठूलो अपशोच गर्न लागे । त्यस वेला लडाईंको कामै थामी दुइ वर्षसम्म मानिसको तलाशीमा लागी आफ्नो मजबूती गर्न

लागे । त्यसै बेला नेपालबाट अवाले र बोसीहरू झिकाई नवकोटमा नयाँ दरबार बनाएर बसे । रसदले मुश्किल पर्दा कपास लिन जाने नेपालीहरूलाई थुनिराखे । उनीहरूले हुकुम मानेनन् र रूखमा झुन्ड्याइदिए । फेरि लडाई गर्ने सामग्री तयार भएपछि नवकोटका भैरवी आदि देवताहरूका स्थान स्थानमा पूजा, पाठ र पुरश्चरण गराए ।

तिनै ताका ललितपत्तनका राजा विश्वजित् मल्ललाई काजी कालिदासकी छोरी चाकुबाहाले काजीका छोरालाई दिइराखेकी मयजू थकुंलाई स्वास्नी तुल्याएका ईबीले चाकुबाहालेहरूले मारिदिए । अनि त्यहाँका काजीले केही महीना राजा जयप्रकाश मल्ललाई राजा तुल्याई निकाले । फेरि केही महीना राजा रणजित् मल्ललाई राजा तुल्याई आखिर उनलाई पनि निकालिदिए । पछि फेरि उनै राजा जयप्रकाश मल्ललाई संकाएर लगी राजा गराए । राजा जयप्रकाश मल्लले यी कुल्याहा हुन् भनी पाटनका काजीहरूलाई कुनै निहुँद्वारा मारिदिदा ललितपत्तनमा राजा काजी दुवै शून्य भए । अनि त्यहाँका सकल प्रजाहरूले संमत गरी अर्जी गरेर गोरखामहाराजलाई "हजुरलाई राजा थाप्छौं" भनी विन्ति गरे । पृथ्वीनारायण शाहले आफ्नो सट्टा छापचिह्न दिई आफ्ना भाइ दलमर्दन शाहलाई पठाए । त्यहाँका प्रजा प्रधानहरूले शाके १६८५ माघ शुदि १५ रोज ६ का दिन ललितपत्तनमा प्रवेश गराई राजा थापे । केही दिनपछि गोरखामहाराजले नून कपास रोके भन्ने निहुँले उनको टीका हरण गरी दलमर्दन शाहलाईनै राजा गराए । वर्ष दिन राज्य गरेपछि उनलाई पनि निकाला गरी तेजनरसिंह मल्ललाई राजा थापे ।

कान्तिपुरतर्फ राजा जयप्रकाश मल्लले नगरकोटी सिपाही बनाई तीनै शहरमा लुटाई र चोराई दुनियाँलाई दु:ख दिन थाले । उनीहरूलाई दर्माहा दिने निहुँले जयवागीश्वरीलगायत ठाउँ ठाउँका देवताहरूका भण्डार खोली धन र गहनाहरू झिकेर बिजाइं गर्न लागे । त्यही अवस्थामा त्यहाँका काजीहरूसंग तिह्रौतिया ब्राह्मणहरूको तकरार पर्दा उनीहरू भागी नवकोटमा पुगे र गोरखामहाराजका पीछामा परी उहीं बसे ।

तिनै ताका पंचलिंग भैरवका स्थानमा भोज खाइरहेका अर्का ज्यापूका अंगमा फेरि कुमारी प्रवेश भई "अब तेरो राज्य रहनेछैन" भनी सराप दिइन् । राजा जयप्रकाशले पश्चात्ताप मानी ती कुमारीलाई खुशी गराउनाका निमित्त ठूलो घर बनाइदिए र इन्द्रजात्रामा रथारोहण गरी प्रतिवर्ष यात्रा गर्ने रीत चलाए । फेरि कंकेश्वरी लुटीदेवीका समीपमा राजा गुणकामदेवका पालादेखि सिठी षष्ठीसंम एकैक पक्ष भई दुवै पक्षले ढुंगाले हानाहानको खेल गर्ने रीत चलेको थियो । पछि केही वर्ष लोप भए तापनि फेरि चलेको थियो । यी राजाले मात्र लोप गराएकामा देवगणका साहनवाहन रिसाई कराउँदा फेरि त्यो खेल चलाए । तिन ताका पाटनमा तेजनरसिंह मल्ल राजा भई राजकाज गर्दथे ।

उता गोरखामहाराजबाट फेरि लडाईको तयारी गरी दुइ वर्षपछि शिवपुरी हान्ने सल्लाह गर्न लमजुङ गएका कुलानन्द जैसीलाई "तिमीले त भन्दै थियौ । बालकृष्ण जैसीले उचाल्दा कट पनि बिग्र्यो, कालु पांडे जस्तो काजी पनि मऱ्यो । अब तिम्रो सल्लाहबेगर म कुनै काम गर्नेछैन । मानिसले गर्दा तिमीसित विरोध पऱ्यो तापनि आफ्नो घर जानी आऊ" भन्ने मोहर गयो । ती जैसीले पनि आई आशीर्वाद चढाए । "हजुरले माया नमारेपछि मैले पनि हजुरको माया किन मार्दथें र ? त्यसैले दर्शन गर्न आइपुगें" भनी विन्ति गरे । "अब नेपाललाई घेरा नदिई भएन । त्यसकारण शिवपुरी हान्ने साइत हेर" भन्ने हुकुम भयो । श्री शाके १६८१ संवत् १८१६ असारको २१ दिन जाँदा रवि वारका अर्धरात्रीमा शिवपुरीमा कीलो गाड्ने साइत आयो । त्यस साइतमा कीलो गाड्नालाई चौतरिया, काजी, सरदार, जेठाबूढा, नजीकी, द्वारे, कपर्दार, थरघर र उमराउसमेत भएको लश्करलाई बिदा गरे । उनीहरू शिवपुरीमा पुगेपछि ठूलो लडाईं हुँदा ठानामा उक्ली बीरु कपर्दारले जेठी तरवार हाने, तर आफू पनि उहीं परे । देव्रे गुरुङले पनि वैरीलाई हान्दा तिघ्रा छटक्कै छिनिने गरी हाने । यस लडाईंमा दुइ चार भलामानिससमेत धेरै लश्कर खती भए । जीत भने गोरखाको भयो ।

त्यसपछि शिवपुरी थाम्नालाई केही लश्कर राखी अरू थप लएकरले अब पूर्वतर्फ नहानी भएन भनी पलानचोक हान्ने सल्लाह गरे । चौतरिया दलजित् शाह, काजी हर्ष पन्त, कपर्दार भद्र शाही, जेठाबूढा रामकृष्ण कवर, वीरभद्र थापा, नजीकी, द्वारे, थरघर, उमराउ प्रतिमन अधिकारी, असमान अधिकारी र सिह्लानचोक कुर्न बसेका उमराउ भीमसेन थापासमेतलाई झिकाई लश्करका साथ लगाई

गोरखामहाराजबाट बिदा गरियो । पलानचोकमा नेपालको लश्कर पनि धेरै बसेको थियो । गोरखाका लश्करले त्यहाँका ठानालाई किस्ता लाग्ने गरेर ठाना हाली बसे । साइतमा वैरीतर्फको ठाना च्याप्न जांदा उमराउ भीमसेन थापा अघि सरी "म बाघ भीमसेन थापा हुँ" भन्दै हांक दिई कुठाउंमा चढेर तरवारले हान्न जांदा कपालमा तरवार र पेटमा गोली लागी उहीं खतम भए । त्यहां ठूलो लडाई हुंदा वैरीतर्फ धेरै खती भए । गोरखालीका केही मात्र नाश भए र जीत गोरखाको भयो । पलानचोक सर भए-पछि काभ्रेकोटमा पनि भादगाउँको लश्कर छ भन्ने सुने । चौतरिया दलजित् शाहप्रभृति सब लश्करले शाके १६८१ माघ ९ गते रोज ६ का दिन काभ्रेकोटमा पुगी घमासान लडाईद्वारा कीलो गाडी काभ्रे सर गरे । चौकोटमा पनि लश्कर छ भन्ने सुन्दा यिनै भारदार र लश्कर गई शाके १६८३ साल ज्येष्ठ शुदि ६ रोज २ का रात्री गतगटी १७ पला ४५ मा कीलो गाडी चौकोट पनि अम्बल गरे । काहुलेठानामा पनि गोरखामहाराजको केही लश्कर थियो । त्यहां नांगो भई सबै लश्कर भात पकाउन लागेका थिए । त्यसै वेला राजा जयप्रकाश मल्लले थापाकाजीलाई फौज-साथ पठाउंदा काजी गई डांका हाने । गोरखातर्फका सबै लश्करले नांगै भई ती लश्करलाई हटाए र काजीलाई पक्री ल्याए । यस कामबाट गोरखामहाराज खूब खुशी भई "अबदेखि तिमीहरूले लडाईमा खटिएदेखि नसकिएसंम चोखो तिहुन पकाई खाजा भनी लुगैसित भात खानू । यसमा प्रायश्चित केही पर्दैन" भन्ने हुकुम भयो । त्यस दिनदेखि खाजाका नाममा चलाएका हुन् । शाके १६८३ पौष मास दिन गत २८ रोज ७ का दिन घटी २१।१ मा कविलासपुर पनि सर भयो ।

तिनै ताका राजा जयप्रकाश मल्लसित मिल्न नसकी जसराम थापा काशी जान खोज्दा दहचोकमा ठाना बसेका हरिवंश पाध्याले "यो नेपालको भलामानिस हो । यसलाई जान दिनु हुंदैन" भनी छेके । अनि महाराजलाई अर्जी लेखे । साथै जसराम थापाले पनि वीरभद्रलाई चिठी लेखे । अर्जी र चिठी दुबै पुगी हेर्दा महाराज खुशी भई "जसराम थापालाई छेक्ने काम बढिया गरिछस् । उसलाई यहां पठाइदे" भन्ने अर्जीको उत्तरा पठाए । त्यसअनुसार जसराम थापा नवकोट पुगेपछि खातिरजामा दिई राखे । अनि थापाले "महाराज, विनामकवानपुर नमरी नेपाल मर्नेछैन" भनी विन्ति गरे । यसले बढिया विन्ति गऱ्यो भन्ने परी भैभारदारहरूसित सल्लाह गरेर त्यस थापालाई थाम्नाका निति तुलाराम पांडेकी छोरी डम्बर थापाका छोरालाई विवाह गरिदिएर त्यस सम्बन्धले आफ्नो तुल्याई जसराम थापालाई थामे ।

अब आयो मकवानपुर हान्ने कुरा । उसलाई हान्न कुन कुराले उससंग तकरार गर्ने हो भनी सल्लाह हुंदा "नवलखी हीराको हार, एकदन्ते लक्ष्मीप्रसाद हात्ती, नवकुंजर देवी-प्रसाद हात्ती र ठूलो रत्नमालासमेत उनीसंग भएको हुनाले देऊ भनी मागौं । दिए भने बढियैं भयो, दिएनन् भने त्यसैका निहुंले अर्घेलो गरी हानौंला" भन्ने सल्लाह भयो । त्यस कामका निति थरघर भलामानिस खटिए । ती मानिस गई राजा दिग्बन्धन सेनसंग कुरा गर्दा कनकसिंह बानियांले कुरा नामंजूर गरी जबाफ दिए । त्यो खबर आउँदा महाराज रिसानी भई मकवानपुर हान्नालाई फौज पठाए—चौतरिया कीर्तिमहोद्दाम शाह, चौतरिया दलमर्दन शाह, काजी दलजित् शाह, काजी सुरप्रताप शाह, काजी वंशराज पांडे, कुलानन्द जैसी, केदारसिंह बस्नेत, अभिमानसिंह बस्नेत, नन्दु सरदारप्रभृति जेठाबूढा, नजीकी, थरघर र उमराउसमेत सबै खटिए । फौजका साथमा यी भारदारहरू गई शाके १६८४ संवत् १८१९ भाद्र महीनाको ९ दिन जाँदा शुक्र वारका दिन मकवानपुरमा ठाना हाले । भोलि-पल्ट शनैश्चर वारका दिन २१ घडीसंम ठूलो लडाई भयो । गोरखाली धेरै घाइते हुंदा पचास साठी जना मात्र बाँकी ठहरे । मकवानपुरका तीन चार सय मानिस ठहरै मरे । बानियां र राजा भागी हरिहरपुर पुगे । मकवानपुर जित भयो । साथै सात सय चापवाला बन्दूक र खजानासमेत हात लाग्यो ।

त्यसपछि राजा, रानी, बानियां र काजीहरू बाँकी रहेको लश्कर र हात्तीसमेत लिई हरिहरपुर गएको देखी त्यहाँको संभार गर्नालाई नन्दुलाई राखी अरू फौज र भारदारहरूसमेत हरिहरपुर पुगे । शाके १६८४ आश्विन २२ दिन जांदा सोम वारका राती २८ घडी १० पलामा हरिहरपुरमा हमला गरे । ठूलो लडाई हुंदा मकवानपुरका चार पांच सय मानिस मारी हरिहरपुर सर गरे । रानी र साहेब पक्रिए । राजमाला, हतिनी (ढोई) र लक्ष्मीप्रसाद हात्ती फेला पारे । राजा र बानियां भने भागे । यो खबर

जाहेर हुंदा "फेला पार्नुपर्ने मानिस उम्किहालेछ, खोजी पत्ता लगाई पक्रनू" भन्ने हुकुम भई गयो । बांगे बस्नेतले "ढोईले हात्ती पक्रन्छ । रानी र साहेब पक्रिएपछि राजा कहीं जांदैनन्" भनी विन्ति गरे । "रानीका वशको राजा कहां देखिस् ?" भनी रिसानी भयो । भोलिपल्ट राजा दिग्बन्धन सेन देवीप्रसाद हात्तीमा चढी छोरा र रानीका मायाले गोरखाली लश्करमा सामेल हुन आए । सोही खबरको अर्जी आयो र महाराज खुशी भई बांगेले भने जस्तो भयो" भन्ने हुकुम भयो । बांगेदेखि खूब खुशी पनि भए । त्यसपछि मकवानपुरका राजालाई नवकोटमा पुन्याई अघि आफूलाई हरिहरपुरमा दुःख दिएको संझेर कैद गरे । यस्ता प्रकारले मकवानपुर पनि सर भयो ।

अब तिमाल र सिंधुली फत्य भयो भने नेपाललाई गिर्दा पुग्यो भनी मन्त्रीवर्गसित सल्लाह गरी तिमाल हान्न भनी सरदार दलजित् शाह, काजी वंशराज पांडे, जीव शाह, रुद्र शाह, जेठाबूढा रामकृष्णप्रभृति, नजीकी, द्वारे, थरघर र भलामानिससमेतको फौज खटियो । उनीहरूले गई तिमाल हान्दा तीन सय गिड परे । शाके १६८४ आश्विन ९ गते रोज ३ मा तिमाल सर भयो । मकवानीले भर मानी त्यसै लपेटामा आश्विनको २० दिन जाँदा घडी १८ पला २५ मा सिंधुलीकोट हान्दा त्यहाँ ठूलो लडाईं भयो । गोरखाका पचास साठी जना घाइते र मर्ने भए । वैरीका दुइ सय बाह्र बीस जना ठहरै मरे । शाके १६८४ (कार्तिक ?) ९ गते रोज ३ का दिन १५ घडी जाँदा सिंधुली जित भयो । यो खबर गोरखामहाराजबाट सुन्दा खूब खुशी भई जसराम थापा र चंपसिंह गोदार थापालाई "तिमीहरूले कपिला (सुवासिनी) पनि राख्नू" भन्ने हुकुम भयो । उनीहरूलाई सिंधुलीको मुलुक पनि आधा आधा गरी दिए । "हरिहरपुरसित हातेमालो भइगयो । तदर्थ अब नेपाललाई बाहिरी गिर्दा पुग्यो । अब अवश्य नेपाल लिएं" भनी महाराज खूब खुशी भए ।

तिनै ताका मुसरावादको लडाईं हारी अब पाहाडमा चढेर नेपाल लिई फेरि अंग्रेजसित लडूँला भन्ने मनमा राखी नवाफ काश्मीर खाँ बारामा आई बसेका थिए । उनले आफ्ना सरदार गुरबी खाँलाई तोप बन्दूकसमेतका पच्चीस तीस हजार लश्कर दिई पठाए । गुरबी खाँले नेपाल हान्नाका निमित्त नन्दु बसेका ठाउंमा घेरा दियो । शाके १६८४ पौषका २७ दिन जांदा माघ वदि ८ रोज ६ संम कुर्न बसेका फौजले पांच सात दिनसंम त्यस लश्करलाई थामे । यो खबर महाराजकहाँ पुग्यो र मकवानपुरका गुहारलाई काजी वंशराज पांडे, हर्ष पन्त, जीव शाह, नाहारसिंह बस्नेत, रामकृष्ण कवर, बांगे बस्नेत र दुर्लभ खत्रीप्रभृति नजीकी, थरघर, द्वारे र उमराउसमेत खटाई पठाए । अघि नालदुमका लडाईंमा भागी बात लागेका आशा भंडारी पनि बिदा नभई गुहारका निंति गए । लश्कर लिई वंशराज पांडेले माघका १० दिन जांदा गुरुवारका दिन बाक्लाखारमा गई डांक हाने । लश्कर फुटी केहरसिंह र नाहरसिंहले पनि पुराना मकवानपुरमा चढेर किल्लाबाट बन्दुक ओइराए । त्यसरी त्यहां ठूलो लडाईं भयो । वैरीका सत्र सय लश्कर ठहरै मरे । भीरमा यति परे भन्ने थाहा भएन । गोरखातर्फका भने नन्दु, आशा भंडारी र उनका साथमा गएका पच्चीस तीस जना खती भए, पचास साठी जना घाइते भए । यस लडाईंमा साना तोप एक्काईस, चार पांच सय बन्दूक र एउटा बम हात लाग्यो । जित गोरखाको भयो । गुरबी खाँ भाग्यो । यो खबर महाराजकहां जाहेर हुंदा "जाबाहरूले १७०० जना मात्र मारेछन् र अरू उम्काएछन्" भनी रिसानी भयो । लश्करले दर्शन पनि पाएनन् । पछि आफू मकवानपुर जांदा वैरीका चूला र डेरा देखेर "ओहो ?" भन्ने हुकुम भयो । "उनीहरूका चूला नजर हुंदा त यस्तो, अरू लश्करै नजर भएको भए कस्तो हुंदो हो !" भनी बांगे बस्नेतले विन्ति गरे । अनि महाराज भारदारहरूदेखि बहुत खुशी भए । त्यहांका बन्दूक हात लागी भएपछि कंपनी जमाउने सुर पनि भयो । यसै सालका शुरुतिर श्रीनाथ, बज्रबानी, सबुज, गोरख र काली बक्स पांच कंपनी नयां जमाई भैरवस्थानमा निशान चढाएका थिए ।

यसै बीचमा "पूर्वतर्फ गोरखाको नेपालसित पनि मध्येससित पनि ठूलो लडाईं हुन लागिरहेछ । यी सबै लडाईं जिती गोरखा अडियो भने उ हामीले जितिसक्नु हुनेछैन । उसले हामीलाई अवश्य मेट्नेछ । अवसर आउंछ, पर्खदैन । यस अवसरमा हामीले अवश्य उठ्नुपर्छ" भनी चौबीसी राजाहरूले मतो गरे । अनि अघि सरी बाग्लुङ, हर्मी, धूमाकोट, अर्घा, लिमी, भीरकोट र देवरालीका राजाहरूको लश्कर आई घेरा दिंदा त्यो खबर जाहेर भयो । अनि महाराजबाट "चौतरिया कीर्तिमहोद्दाम शाह, काजी

सुरप्रताप शाह आदि गरेका चौतरिया, काजी, सरदार, नजीकी, जेठाबूढा, द्वारे, थरघर, उमराउ, ढाक्रे, जागीरे गैह्र साठी वर्षदेखि उंधोका र बाह्र वर्षदेखि उंभोका तिमीहरू सबै लडाईंमा जाऊ। यदि घर बसौला त गुनियां चोलो लगाइदिउंला" भनी कटुवालेलाई डुकन लगाई उर्दी दिए। आठ हजार फौज लिई काजी सुरप्रताप शाह बोर्लाङघाट तरे। यो खबर सुन्नेबित्तिकै अब हामी झटपट लकाङ लिऊं भनी वैरीहरूले चारैतिरबाट आगो लगाए। त्यसै बीचमा खरुवाको चोलो लाएकी एक सुवासिनीले शनैश्चर वारका रात्रीमा कोपराले पानी हाली आगो निभाउन लागेकी देख्दा चौबीसीको चित्त गडबडाउन लाग्यो। शाके १६८५ चैत्र महीनाका ९ दिन जांदा आदित्य वार बिहान लश्कर लिई चौतरिया काजीहरू पनि पुगे। दुवैतर्फबाट ठूलो लडाईं हुंदा वैरीहरू भागे। दपेटा दिंदा वैरीहरू डुंगा नपाएर मत्स्यगंडीमा फाल हाली हेलिंदा धेरै जना बगे, थोरै मात्र उत्रे। लडाईंमा गोरखालीहरूको जित भयो। यो खबर सुन्दा महाराजबाट खुशी भई "मेरा सिपाही शेर जस्ता छन्। जहां फर्मायो उहां फत्य गर्छन्" मन्ने हुकुम भयो।

शाके १६८५ संवत् १८२० वैशाख शुदि १५ रोज ४ का दिनमा श्री मनकामना, श्री वकेश्वरघ्नी सिद्धलाई (?) बकरे सेराको वल्लो खण्ड मुरी २०० को लगापात शुद्ध गूठ चढाए। यसबाट रोजरोज नित्यपूजा गर्नू, दसैंमा रांगा बोकाको बलि दिनू, रोज रोज परेबालाई चार माना धान खुवाउनू, बाह्रै महीनाका प्रतिपौर्णमासीमा एक एक बोका बलि दिनू भन्ने लालमोहरको दानपत्र गरिदिए। सोबमोजिम गरी गूठी चलाएको अद्यापि छंदैछ। चौबीसीलाई जिती लकाङ थामेर उनीहरूलाई मत्स्यगंडीमा बगाई खुशी हुंदै पश्चिमतर्फबाट आएका भगवन्त नाथ योगीलाई साथमा लिई काजी सुरप्रताप शाहले महाराजको दर्शन गरे। यी यस्ता सिद्ध हुन् भनी तारीफ पनि गरे। महाराजबाट खूब खुशी भई उनका खातिरका निमित्त ती भगवन्त नाथलाई पालकीका सबारीको बन्दोबस्त भयो।

त्यसपछि काम फत्य गरी आएका सुरप्रताप शाहसित सल्लाह गरी धूलीखेल हान्नाका निर्ति कालु कपर्दार, रामकृष्ण कवर र हरिवंश पाध्याप्रभृति भारदारहरू खटाए। त्यहां नेपालतर्फको ठूलो लश्कर जम्मा भइरहेको हुनाले उनीहरूसित ठूलो लडाईं भयो। वैरीतर्फका धेरै खती भए। गोरखातर्फका पनि मर्ने र घाइते हुने धेरै भए। जित भने गोरखाको भयो। लपेटा दिई शहरभित्र रहेका फौज फत्य गर्न लागिरहेका जसकर्ण खत्रीलाई ढिलो गऱ्यो भनी रिसानी भयो। चौकोट र पनौती हान्न खटिएका दलजित् शाहलाई चौकोटमा देख्दा जसकर्ण खत्रीले पनि शाके १६८५ का कार्त्तिक १० दिन जांदा रवि वारका दिन ११ घडी ४५ पला दिन चढ्दा भारी लडाईं गरी धूलीखेल सर गरे। दलजित् शाहका साथमा रहेका फौजले पनि सोही कार्तिकका ११ दिन जांदा सोम वारका दिन १५ घडी चढ्दा चौकोट सर गरे। त्यसै दिन लपेटामा पनौती पनि सर भयो। अर्को मोहडा गरी आएका फौजले त्यसै दिन खड्पु पनि सर गऱ्यो। सोही सालका कार्तिक १४ गतेका दिन ३ घडी दिन चढ्दा बनेपामा प्रवेश गरे। बनेपा पनि सर भयो। सोही दिन नाला पनि सर भयो। त्यसै रात्रीमा सांगा प्रवेश हुंदा ठूलो लडाईं भयो। नागाहरू निकै कत्तल भए। गोरखाका चौतरिया जहांगीर शाह र राम बस्नेत यहीं परे। यही कार्तिक १५ गते रोज ६ का दिन रानीकोट हात लाग्यो। यसै साल कार्तिक २० गते रोज ४ मा फर्पिङमा हमला गर्दा शत्रुहरू भंग भए र फर्पिङ सर भयो। यसै कार्तिकका २२ गते विशंकु दखल गरे। शाके १६८६ भाद्र २ गते रोज ३ मा चोभार दखल गरे। यसै दिन पांगामा पनि पसे।

उता पश्चिमतर्फबाट फेरि चौबीसीले उठान गरे भन्ने खबर आयो। अनि सबै ठाउँका ठाना ठानामा कुर्नालाई मात्र मानिस राखी अरू बांकी सबै लश्कर साथ दिई वंशराज पांडे, हर्ष पन्तलगायत भैभारदारलाई बिदा दिएर रातारात गरी पठाए। शाके १६८८ संवत १८२३ भाद्र १६ गते सोम वारका दिन चिहानडांडा पुगी गोरखालीले ठाना हाले। प्रथम नष्ट अश्विन मासका ६ दिन जांदा चौबीसीसित ठूलो लडाईं भयो। गोरखालीको जित हुंदा अर्घाजुङ सर भयो। यसमा कुंजर भंडारी पक्रिए। लमजुङ्ले मद्दत माग्यो भनी पातीरथ भंडारीप्रभृति बीस बाईस जना पक्री गोरखामा ल्याए। यस कामले महाराज ज्यादै खुशी भए।

उता गोरखाले चौबीसी पनि हटायो, यता नेपाललाई पनि चारैतिरबाट घेरा दिइराखेको छ। हामीले मात्र त

अब गोरखालाई हटाउन सक्तैनौ । तसर्थ देशको मद्दत ल्याउनुपर्‍यो भनी नेपालका राजा जयप्रकाश मल्लले भारदारहरूसंग सल्लाह गरे । अब यस घडीमा हामीले मद्दत माग्नु त जगत्सेठसित पर्छ । अंग्रेजले नवाफ काश्मीरी खां सुजादोलाई कटकमा जिती मन बढाएर पटनामा गई बसिरहेछ । त्यसलाई ल्याउन सके मात्र गोरखालाई हटाउन सकौंला भन्ने ठहरियो । त्यस ताका नेपालमा तेह्नौते काजी थिए । उनैद्वारा तेह्नौतिया राजामार्फत धेरै रुपियां खर्च गरेर सरसौगातसमेत पठाई अंग्रेजका लाठ हिसतेनसित बेहोरा बांधे । अनि हाडीसाहेब र किलाख मुखत्यार भएका फिलंगीका पल्टन झिकाए। त्यस पल्टनले सिंधुली अम्बल गर्‍यो । लौ, अंग्रेजले अम्बल गर्‍यो भनी त्यहां कुरुवा बसेका लश्कर आई महाराजलाई विन्ति गरे । महाराजले यो खबर सुन्नेबित्तिकै शिकारीका सरदार वंश गुरुङलाई साथ लगाई खजांची वीरभद्र उपाध्यायलगायत सबै फौजलाई पौवागढी उम्काउने होइन भनी बिदा गरे । त्यसपछि अंग्रेज भनेको बडो ठूलो छ। एउटा वीरभद्र गएर मात्र अवश्य हुंदैन भनी अरू लश्कर पठाउने सल्लाह गर्दा काजी बंशराज पांडे, काजी हर्ष पन्तप्रभृति भैभारदार, जेठाबूढा, नजीकी, उमराउ गैह्र लश्करलाई बिदा गरी पठाए । पहिले वीरभद्र पाध्या गई पौवामा बसेर ढुकुवावासको जंगलमा शिकारसमेत गर्न वंशराज गुरुङलाई पठाई आफ्नो तयारी गरिसकेका थिए । त्यसै बेलामा दुइ मोहडा गरी पौवागढी हान्न अंग्रेजले लश्कर पठायो । गोरखाका लश्करले गढीबाट ओइराई हान्नू, शिकारीले पछाडि ढुंगावासमा ढाड हान्नू भन्ने सल्लाह गरी शिकारी वंशराज गुरुङलाई अघेरै पठाइसकेको हुनाले आफूहरूले वैराई हाने । शिकारीले पनि बीचमा हानी खचमच पारे । त्यसै बखतमा पछि खटिएका काजी वंशराज पांडेप्रभृति लश्कर पुग्दा त्यहां दिनभर ठूलो लडाईं भयो । गोरखालीमा मर्ने र घाइते हुने धेरै भए । फिलंगीको लश्कर यति मर्‍यो भन्ने गन्तीनै भएन । आखिर विजयलक्ष्मीले गोरखालीलाई अंगालिन् । धेरै बन्दूक, असवाफ र खरखजाना हात लाग्यो । पल्टनको मुखत्यार हाडीसाहेब पनि घाउ लाग्दा भाग्यो । यिनै बन्दूकद्वारा गोरखालीका तीन पल्टन सबुज, बज्रबानी र पुरानागोरख थप हुन आए ।

उता लकाङगढी जिती गोरखा लिन भनी आएका चौबीसीलाई कत्तल गरी मत्स्यगंडीमा बगाएर चौबीसीले अम्बल गरेको आफ्नो मुलुक उकासी भगवन्त नाथलाई साथमा लिएर जगा जगामा पालकीमा राखी बहुत हर्षसित सुरप्रताप शाह आएका थिए । उनलाई देख्दा खुशी हुँदै महाराजबाट "अब हामीले कालु पांडे कीर्तिपुरमा परेको हाम्रो पगरी झिक्ने हो" भन्ने सल्लाह भयो । कुलानन्द जैसी र रामकृष्ण जैसीले "कीर्तिपुर फुट्दैन, साइत छैन, भनी विन्ति गरे । भगवन्त नाथका भर परी बालकृष्ण जैसीले "कीर्तिपुर फुट्नेछ" भनी विन्ति गरे । "फुट्दैन" भन्ने रामकृष्ण जैसी र "फुट्छ" भन्ने बालकृष्ण जैसी भै कुरा नमिल्दा "कीर्तिपुर फुट्यो भने रामकृष्ण जैसीको जुंघा बालकृष्ण जैसीले उखेल्नू, फुटेन भने बालकृष्ण जैसीको जुंघा रामकृष्ण जैसीले उखेल्नू" भन्ने बाजी रह्यो । त्यसपछि भगवन्त नाथको भर परी बालकृष्ण जैसीले साइत हेरे । भगवन्त नाथले एउटा तित्रो मंत्री "यो तित्रो कीर्तिपुमा हाल्नू र कीर्तिपुर फुट्छ" भनी तित्रो दिए । अनि बालकृष्ण जैसीले हेरेको साइत गरी काजी सुरप्रताप शाहका साथमा सरदार दलजित शाह, जीव शाह, काजी तुलाराम पांडे, काजी हर्ष पन्त, सरदार प्रभु मल्ल र वीरभद्र बस्नेतप्रभृति जेठाबूढा, नजीकी, द्वारे, उमराउलगायत भारी लश्कर खटिए । महाराजका साथमा काजी वंशराज मात्र रहे । शाके १६८६ संबत् १८२२ आश्विन ४ गते रोज ६ मा सबै लश्करले कीर्तिपुरलाई घेरे । कीर्तिपुरको चारैतिर परखाल हुनाले भर्‍याङ लगाई भगवन्त नाथले मन्त्रेको तित्रो शहरभित्र घुसाए । भित्रबाट घोष पार्दा बाहिरतिर आउन खोज्यो र तित्रो भित्र अड्याउन भनी भर्‍याङ हालेर परखालमाथि चढी हल्ला गरे । वैरीले ढुंगा र कांडले हानी भर्‍याङ भांचिदिए । भलामानिसहरू पनि धेरै खती भए । काजी सुरप्रताप शाहले लगाएको भर्‍याङमा चढी काजी हर्ष पन्तले हान्दा "मैले हालेको भर्‍याङमा चढी किन हानेको ?" भनी काजी सुरप्रताप शाहले भने । भर्‍याङ "तेरो अघि कि मेरो अघि ?" भनी काजी हर्ष पन्तले जवाफ दिए । अनि हर्ष पन्तका गोडामा समाती सुरप्रताप शाहले घिसार्‍याए । "मार्‍यो सुरेले" भनी पन्त कराए । उता वैरीले पनि ढुंगाले हान्दै सबैका भर्‍याङ भाँचे । वैरीले कांडले र ढुंगाले हान्दा बसिसक्नु भएन । काजी सुरप्रताप शाहको बायाँ नजरमा कांड लाग्दा नजर पनि बिग्र्यो । दलजित शाहले भर्‍याङमा चढी हान्दा तरवार लाग्दा हाड छिनी तरवार खस्यो । धेरै लश्कर घाइते भए र धेरै मानिस मरे । यसो हुंदा लडाई बिग्र्यो । अनि लश्कर हट्दै दक्षु-

चोकमा पुगे ।

त्यसपछि गोरखामहाराजले भडिगु ठानामा प्रवेश गरी ठानामा रहने मानिसहरूलाई सत्य विश्वास पार्दै तिमीहरूलाई मार्नेछैन भनेर लगी निदानमा सबैलाई मारी सरदार दुइ जनालाई समातेर नवकोट पुऱ्याए । ती दुइ काजीका छोरा सरदारहरूलाई तादीमा डुबाई सास्ती गर्दा एउटा सरदार मऱ्यो । काजी धनबन्तको छोरा वीरनरसिंह चाहि मरेन र नेल ठोकेर पालोपहरा राखी त्रिशूलगंगाका साँघुमा राखेका थिए । एक दिन नेलैसुद्धा त्रिशूलगंडकीमा फाल हाल्दा चौकीदारहरूले यो मऱ्यो वा भाग्यो भने हामीहरूलाई बिगार पर्ला भनी धेरै जना मिली समाइराखे । त्यसै बखतमा गोरखामहाराजबाट "तेरा बाबुलाई झिकाउन म पनि चिठी लेख्छु । तं पनि चिठी पठाउंदै गर र हाम्रा हजुरमा हाजिर भएपछि तेरा बाबुलाई र तंलाई प्रबस्ति गरिबक्सौंला" भन्ने हुकुम भयो । अनि उनले "महाराजको हुकुम नमानी म यहाँबाट कदाचित पनि उम्कन पाउँनेछैन । तपाईं यहाँ पाल्नुभए बाबुछोरा दुबैलाई भलो हुनेछ । जुन महाराजबाट तपाईंलाई काजी मान दिएको हो ती राजा पनि परलोक भए । अब तीन शहरको आफूसमा मेल नहुंदा बिग्रन तयार भएको छ । त्यस्ता राज्यको आशा राख्नु मनासिब छैन । तसर्थ यहाँ अवश्य पाउलाग्नुहोस्" भन्ने चिठी बराबर पठाए । काजी धनवन्तले नेपालको चाला र खेलबखेडा देख्दा आफ्ना भाइमध्ये दुइ काजीलाई मारे मराएको इत्यादि सबैतिरबाट जयप्रकाश मल्लसंग साह्रै इतराजी परेको समय र गोरखामहाराजबाट पनि मोहर पठाई झिकाएको, साथै छोराले पनि आऊ भनी बराबर चिठी लेखी पठाइरहेको हुनाले गोरखाका काजी मेरा मीत छंदैछन्, यहाँ बस्नुभन्दा जानु बढिया हो भन्ने इदमित्थ गरी गोरखाले कान्तिपुर सर गर्नुभन्दा वर्षदिनअघि काजी धनवन्त गोरखामहाराजका शरणमा गए । उताबाट नब्बे जनाको तैनाती गरी नब्बे खेत र बुग्मती खुवा पाए । उनले नेपाल छाड्नेबित्तिकै नेपालका राजाले उनको सर्वस्व हरण गरे तापनि महाराजबाट थामी लालमोहर गरियो ।

यस्ता प्रकारले गोरखामहाराजबाट चारैतर्फ नेपालको गिर्दी भएको मुलुक सबै दखल गरी नेपालखाल्डाभित्र पसेर पूर्वतिर धूलीखेल आदि सात गाउँ र पश्चिमपट्टि भीमढुंगाबाट आई फर्पिङ, थानकोट, पांगा र नगाम जिती कीर्तिपुरमा चढाई गरे । कीर्तिपुरका कोटमा बसेका झ्लितपसनका काजी तोढिकधन, सैख्वालधनहरूसंग लडाईं गरी कीर्तिपुरलाई रसदपानी रोकेर मुश्किल पारे । घेराद्वारा ढोकाबाट मद्दत आउनसमेत नदिई राखे । शाके १६८७ नष्ट चैत्र शुक्ल ९ का रात्रीमा कोटमा रहनेहरूले गोरखालीतर्फ मिल्न गई गोरखाका लश्करलाई कीर्तिपुरका प्रजाहरू जम्मा भई चिराक बालेर कोटघरमा प्रवेश गराए । त्यसपछि नेपालको ठूलो आड भएको कीर्तिपुर सर भयो । त्यहाँका प्रजाहरूमा सामान्य देखापर्ने सबैलाई मारे । पछिबाट कालु पांडेप्रभृति सरदारलाई मारेका र काजी सुरप्रताप शाहका आंखामा प्रहार गरेका रिसले कीर्तिपुरका प्रजाहरूमा बाह्र वर्षदेखि उँभोका सबैको नाक काटे । काटेको नाक तौलंदा धार्नी १७।१।६ भयो । यस कीर्तिपुरमा लडाईं हुँदा छ महीनासम्म थामे पनि पछिल्लो लडाईंमा कीर्तिपुरेले व्यर्थै ज्यान गुमाउनुपऱ्यो । तैपनि खूब लडाईं गरेपछि काजी गोरखातिर मिल्दा केही सीप नलागेर मात्र हार खानुपऱ्यो । यसरी कीर्तिपुर सर भयो । त्यहाँका तमाम जनताकै नाम काटेको हुनाले अब कीर्तिपुरलाई नकटापुर भन्नू भनी सबैले "नकटापुर" भन्न लागे । पाटनमा पनि पश्चिमतर्फबाट आधा शहर घेरी ठाना हाल्दा त्यहाँका प्रधानहरूले पनि कीर्तिपुरेले झैं नाक काटिमाग्नुपर्ला भन्ने डरले उस्तो लडाईं नगरी शहर छोड्न तयार भएका थिए ।

त्यसै वेला फेरि अंग्रेजको फौज आयो भन्ने खबर आयो । अनि पाटनमा त्यसै छाडी लश्कर सिंधुलीतर्फ लाग्यो । अंग्रेजका फौजमा मालिक हाडीसाहेव र कपतान किलाख थिए । लडाईं जोरिंदा खोचमा परी बच्छ्यूंका गोलाबाट बच्छ्यूं निस्केर फौजलाई चिल्दा र हाडीसाहेबका शिरमा तरवारको चोटसमेत लाग्दा लडाईं बिग्रन गयो र अंग्रेजले "फिरो, फिरो" भन्ने उर्दी दिंदै सबै भागे । गोरखामहाराजको प्रताप ठूलो हुनाले फत्य भयो ।

शाके १६८९ आषाढ शुदि १ का दिन अहोरात्रभरमा एक्काईसफेरा भूकंप भयो । गोरखामहाराजबाट असल बुद्धिमन्त ब्राह्मणहरूलाई जयप्रकाश मल्लकहाँ पठाई "आजकाल गोरखामहाराज बहुतै ठूला भएका छन् । उनीसंग लड्न तिमी सक्नेछैनौ । किनभने उनले पश्चिमतर्फ पनि धेरै मुलुक बढाए । नेपालखाल्डाका चारैतर्फका मुलुक पनि हात गरे । बेग्री फौज काश्मीरी खाँ र अंग्रेजको फौजसमेत-


लाई जिती फत्य गरे ।" भनी दहसत देखाउँदा उनले "लडाईंको उद्योग गरूँ कि नगरूँ" भनी दोमन गरिरहेका थिए । भदौ महीनामा इन्द्रजात्रा थियो । कान्तिपुरका राजाले कुमारीको रथयात्रा गरिरहेका थिए । त्यसै रात्रीमा गोरखामहाराजको लश्कर दलका दल एकमुखं भीमसेन-थानको बाटो, एकमुख टुंडिखेलको बाटो गरी र महाराज पृथ्वीनारायण शाह नरदेवीको बाटो गरी कान्तिपुर शहर-भित्र प्रवेश गरे । राजा जयप्रकाश मल्लले दुइ चार घडी-सम्म लडाईं गरे । केही नलाग्दा तुलजादेवीको देवालयका जगमा सैंतो बारूद फिंजी असल हिन्दुस्तानी तीन सय फौज साथमा लिएर कान्तिपुर शहर छाडी ललितपुरतर्फ भागे । गोरखातर्फका फौजले बडो सिहनाद गर्दै दरवारभित्र पसी तुलजाका देवालयतर्फ बढाईं गर्दा बारूद सल्की मर्ने र घाइते हुने धेरै भए । यसैमा मुख्य काजी तुलाराम पाँडे पनि परे । विक्रम संवत् १८२५ शाके १६९० नेपाली संवत् ८८८ भाद्र शुक्ल १४ पूर्वाफाल्गुनी नक्षत्र, गण्ड योग, आदित्य वारका १७ घडी रात जाँदा बडा प्रतापी गोरखा-महाराज श्री श्री श्री श्री श्री पृथ्वीनारायण शाह कान्तिपुर शहरमा प्रवेश भए । अनि कुलानन्द जैसीलाई "मैले प्रवेश गरेको साइत कत्तिको स्थिर पर्‍यो ?" भन्ने हुकुम भयो । "सात पुस्तासम्मलाई भने कायमी राज्य छ । त्यसपछिका कुरालाई भने हजुरको ग्रहयोग हेरी विन्ति चढाउँला" भनी कुलानन्द जैसीले विन्ति गरे । पछि चिह्ना हेरी यथार्थ कुरा विन्ति चढाए । यी राजा बडा प्रतापी हुनाले सबैले थाहा पाऊन् भन्नाका निमित्त यिनको जन्मकुण्डली पनि दिइएको छ ।

जन्मकुण्डली: संवत् १७७९ शालिवाहन शाके १६४४ मासे ९ तिथौ १ वारे ५ नक्षत्रे २१ राशौ १० अंशके ९ योगे १४ लग्ने ५ मुहूर्ते २ करणे ३ चान्द्रे कृष्णपक्षे अमावास्या घटी ४ पला २ शुक्ल पक्षे प्रतिपदा तिथौ पूर्वाषाढा घटी २ पला ५८ उत्तराषाढा तस्य भुक्तघटी ३३।१७ तत्कालिक चन्द्रवशात् भुक्त ३४।४६ व्याघात योगे घटी २।२ हर्षण योगे पौष मास दिन २७ गते शेष घटी ३ गुरुशुक्रान्तरे रात्री घटी १०।१९ चरदल घटी २।२ दिनप्रमाण घटी २५।५६ रात्री ३४।४


स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधवीरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री मन्नरभूपालशाहदेवानां सदा समरविजयिनां स्वशाखोक्तधर्मेण परिणीतायाः शरच्चन्द्रवदनायाः सर्वगुणालंकृताया अतिसौन्दर्यसच्छीलसत्यादिगुणसमूहविभूषितायाः नित्यप्रहसितबदनायाः स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधवीरुदावलि विराजमानमानोन्नत श्री मन्महाराजाधिराजश्री श्री श्री श्री श्री कौशल्यावती देवीनां सदा सौभाग्यवतीनां सुवर्णकुक्षौ प्रथमपुत्रो जातः नक्षत्रनाम्ना विश्वेदेवता लोकप्रसिद्धनाम्ना स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधवीरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराजकुमार श्री मन्नृप श्री श्री श्री श्री श्री पृथ्वीनारायणशाहदेवानां सदा समरविजयिनाम् जन्म

| सु. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा. | के. | प्र. ल. | द. ल. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ९ | ८ | ८ | ८ | ९ | ८ | २ | ८ | ४ | १ |
| २७ | ४ | २ | १५ | ५ | १४ | ३ | १ | १ | २२ | १५ |
| २० | २३ | ५५ | ३ | १८ | १७ | ३९ | ३१ | ३१ | २१ | ११ |
| ५६ | ४६ | ० | २४ | २३ | ३ | ५० | २३ | २३ | २२ | १७ |
| ६१ | ४१ | ४७ | १०० | १२ | ४९ | ६ | ३ | ३ | २५ | ३४ |
| १२ | १७ | ३८ | २० | ६ | ५८ | १२ | ११ | ११ | ५६ | ४ |


ग्रह


६
४
७
५
३
रा
८
२
सू
श
बु
मं ६
बृ
के
११
१
१०
चं शु
१२


राशी


११
सू मं बु बृ
श ६ के
१२
१०
चं शु
८
९
७
२
४
६
३
रा
५

भाव


६
४
७
५
३
मं के
बृ ८ श
२ रा
चं
बु सू ९
११
१
१० शु
१२

नवांश


८
६
९
सू
७
रा
५
बु
१०
४
११
च
१
मं के
३
१२
२
बृ शु श